श्रमको सम्मान गरौं
कामलाई सानो वा ठूलो नभनौं,
स्वदेशमैं व्यापार व्यवसाय गरौं,
रोजगार भई राष्ट्रनिर्माणमा
सहभागी होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ माघ २९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 February 12 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६८

## दुई वर्षमा गर्नुपर्ने काम साढे तीन वर्षमा पनि अधूरो

नितेश कर्ण, वीरगंज, २८ माघ/

सघन शहरी तथा भवन निर्माण आयोजना अन्तर्गत वीरगंज महानगरपालिकाका तीसवटा सडकखण्ड निर्माण तथा स्तरोन्नतिको काम साढे तीन वर्षदेखि सम्पन्न हुन सकेको छैन ।

करीब डेढ सय करोडको वीरगंज महानगरपालिकाको तीसवटा सडकखण्ड (५२ किलोमिटर) निर्माण तथा स्तरोन्नतिको लागि २०७५ वैशाख र जेठमा दुईवटा ठेकेदार कम्पनीले सकार गरे पनि अहिलेसम्म एउटा ठेकेदारले आधा र अर्को ठेकेदारले ७० प्रतिशत मात्र काम सम्पन्न गर्न सकेको छ । सघन शहरी तथा भवन निर्माण आयोजना, वीरगंजका इन्जिनीयर विवेक नेपालले वीरगंज महानगरपालिकाका सत्रवटा सडकको निर्माण, स्तरोन्नतिका लागि स्वचछन्द, पप्पु, युनाइटेड बिल्डर्स काठमाडौंले २६ किलोमिटरको लागि २०७५/०२/१९ गते रु ७५ करोड २० लाख ८२ हजारमा ठेक्का सकार गरेको र अहिलेसम्म पचास प्रतिशत मात्र काम सम्पन्न गरेको बताए ।

उनले यो सम्झौता अनुसार २०७७/२/८ मा कार्य सम्पन्न गर्नुपर्नेमा



वीरगंजको आदर्शनगरमा कालोपत्र गर्न बिछ्याइएको ग्रेभल । तस्वीरः प्रतीक

तोकिएको समयमा कोरोनासमेतको कारण कार्य सम्पन्न नहुँदा २०७८/१२/३० गतेसम्म म्याद थप गरेको र अहिले यसको प्रगति ५० प्रतिशत तथा वित्तीय प्रगति ३२ प्रतिशत रहेको बताए । यो सडकखण्ड अन्तर्गत हरपतगंज–हाइवे, कलौटी–कुहाडी–रामपुर नदी, अपौनी विद्यालय, सौराहाटोल–हाइवे, इनर्वा–मनियारी, झाँगीटोल–श्रीपुर, मनियारी–रामजानकीरोड, नेशनल इन्फोटेक–लक्ष्मणवा छठघाट, प्रसौनी स्कूल–मनियारी–इनर्वा, परवानीपुर–ताजपुर, पटेलनगर–परवानीपुर, पुवारीटोल पोखरी–वडा कार्यालय, रामगढवापुल–स्कूलमा २६ किलोमिटर बाटो निर्माण तथा स्तरोन्नतिको काम गर्नुपर्नेमा अहिलेसम्म पूर्ण हुन सकेको छैन ।

यसैगरी, वीरगंज महानगरपालिकाका विभिन्न १३ वटा सडकखण्डहरूको निर्माण तथा स्तरोन्नतिको लागि अर्को ठेकेदार कम्पनी रमण/श्याम/युनाइटेड बिल्डर्स काठमाडौंले ७४ करोड ८७ लाख ६५ हजारमा २०७५/१/३१ गते ठेक्का सकार गरेको र सम्झौता अनुसार २०७७/१/३० मा कार्य सम्पन्न गर्नुपर्नेमा हालसम्म भौतिक प्रगति ७० प्रतिशत मात्र गरेको इन्जिनीयर नेपालले बताए । उनले यो योजनाको अवधि पनि कोरोनालगायतको कारणले चैत मसान्तसम्म थप गरिएको छ ।

योजना अन्तर्गत छपकैया पुल–भन्सार, मेडिकल कलेज–हाइवे ढाट, मेडिकल कलेज–नगवा, मेडिकल कलेज–पुल भन्सार–नगवा, आदर्शनगर सडक, एनएमसी त्रिशूलचोक, ओमआश्रम सडक, रानीघाट–घण्टाघर, अलौंचोक–सुगौलीचोक, फिल्म हल–धर्मशाला–कलभर्ट, सुगौली प्रहरी चौकी–पद्मरोड गरी २६ किलोमिटर सडक निर्माण तथा स्तरोन्नतिको ठेक्का भएको थियो ।

## पोखरिया अस्पतालभित्रै विवाह

प्रस, पोखरिया, २८ माघ/

पोखरिया जिल्ला अस्पतालमा नै माघ २७ गते बिहीवार राति वैवाहिक कार्यक्रम सम्पन्न भएको छ । अस्पतालमा कार्यरत अनमी अनीताकुमारी साहको वैवाहिक कार्यक्रम अस्पतालभित्र भएको थियो ।



अस्पतालमा तामझामका साथ गरिएको वैवाहिक कार्यक्रम । तस्वीरः प्रतीक

बारा, नौतन बहुअरीबाट बिहीवार बेलुकी जन्ती आएर सोही ठाउँमा भोजभतेर, नाचगान गरेको थियो । बेहुला पक्षले ल्याएको डिजे, ब्यान्ड बाजासहित अस्पतालमा नाचगान गरिएको थियो । पोखरिया जिल्ला अस्पताल १५ शय्याको हो तर यो अस्पतालमा बिरामीहरू भर्ना गरिंदैन ।

अस्पतालका निमित्त मेसु डा सञ्जय गुप्ताले अस्पतालमा कार्यरत महिला स्वास्थ्यकर्मीको वैवाहिक कार्यक्रम गर्न ठाउँ नभएकोले अस्पतालमा सो कार्यक्रम गर्न अनुमति दिइएको बताए । अनमी सङ्गीता कुमारीको घर अस्पताल अगाडि छ । विवाह भोज, नाचगान अस्पतालभित्र भएको थियो भने वैवाहिक कार्यक्रम बेहुलीको घरमैं भएको थियो ।

## यथावस्थामा एमसिसी पारित गर्न समर्थन गर्दैनौं
### - अध्यक्ष नेपाल

प्रस, वीरगंज, २८ माघ/

एमसिसीको विरोधमा नेपालका अधिकतम जनता भएकाले यथावस्थामा एमसिसी पास गर्न आफ्नो पार्टीले सहयोग नगर्ने नेकपा समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले बताएका छन् ।




तस्वीरः प्रतीक

समाजवादी प्रेस सङ्गठन पर्साले वीरगंजको लर्ड्स दियालो प्लाजामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले एमसिसीका केही बुँदा नसच्याएसम्म आफ्नो पार्टीले पारितको लागि समर्थन नगर्ने बताए । उनले आफ्नो पार्टीले एमसिसीका सातवटा बुँदामाथि असहमति जनाएको र सो बुँदा संशोधन भएको खण्डमा मात्र समर्थन गर्न सक्ने प्रस्ट्याए ।

इन्डो–प्यासिफिक रणनीति अमेरिकी सुरक्षा रणनीति, ट्रान्समिशन निर्माण हुने भूभागमा नेपालको स्वामित्व, निर्माणको काममा नेपाली कामदार, अमेरिकाको कानून तथा नेपालको कानून बाझ्ने, नबाझ्ने विषयमा पार्टीको असहमति रहेको र त्यो सच्याएको खण्डमा समर्थन हुन सक्ने बताए । उनले नेपाली जनतालाई मर्का नपर्ने गरी दाताले दिएको सहयोग ग्रहण गर्न सकिने तर सार्वभौमसत्ता बेचेर प्राप्त हुने कुनै पनि सहयोग मान्य नहुने बताए । उनले एमाले अध्यक्ष केपी ओलीका कारण मुलुक अहिले राजनीतिक द्वन्द्वमा फसेको आरोप लगाए ।

उनले एमसिसीको विषयमा द्वन्द्व फैलाएर गठबन्धनको सरकार असफल पार्ने स्वार्थमा ओली लागेको र उनको यो रणनीति सफल नहुने दाबी गरे । उनले एमसिसीको विषय ठूलो कुरा नभए पनि नेपालको अस्तित्व बचाउनुपर्छ भन्ने पक्षमा आफू रहेको र त्यसको लागि आफू इमानदार रहेको बताए । अध्यक्ष नेपालले एमाले अध्यक्ष ओलीको हठको कारण आफूहरू पार्टीबाट अलग्गिएर अलग पार्टी खोल्नुपरेको दोहोर्‍याए । उनले आफ्नो पार्टीको धारणा तीनै तहको निर्वाचन एकैसाथ हुनुपर्ने रहेको र यसले मुलुकलाई आर्थिक फाइदा हुने बताए । गठबन्धनको सरकार सबै तहका चुनावमा सहभागी हुने सहमति भएको उनले दाबी गरे ।

समाजवादी प्रेस सङ्गठन पर्साका अध्यक्ष मनोज पटेलको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा समाजवादीका नागेन्द्र चौधरी, रामचन्द्र साह, बालगोपाल थापा, सरला यादव, मनोज चौधरीलगायतको सहभागिता थियो ।

## बन्जारीको सडक जाडोयाममा पनि हिलाम्य

प्रस, भिस्वा, २८ माघ/

छिपहरमाई गाउँपालिका–४ तुलसीबर्वाटोल बन्जारीको सडक जाडोयाममा पनि हिलाम्य छ ।

गाउँपालिका र वडापालिकाले स्थानीय निर्वाचनको पाँच वर्ष बित्न लाग्दा पनि बन्जारीमा सडक निर्माण नगर्दा जाडोयाममा पनि यो सडक हिलाम्य भएको हो ।

गर्मी र वर्षायाममा यो सडकको हबिगत कस्तो हुन्छ होला सहजै अनुमान गर्न सकिन्छ । वडाध्यक्ष बालकराउत गद्दीले सडक निर्माणको लागि विनियोजित बजेट सकिएको र आगामी आवमा बजेट विनियोजन गर्न सकिने बताए । उनले तत्काल सडक निर्माणको



छिपहरमाई गाउँपालिका–४ बन्जारीको हिलाम्य सडक । तस्वीरः प्रतीक

कुनै सम्भावना नरहेको प्रतिक्रिया दिए । तुलसीबर्वाको बन्जारीमा सय मिटर लामो सडकबाट आवतजावत गर्न स्थानीयलाई निकै समस्या हुने गरेको छ ।

## जङ्गली जनावरबाट सुर्ती किसानलाई हाइसन्चो
## गहुँखेती गर्ने किसानहरू खेत रुँघ्दै

माधव तिमल्सिना, ठोरी, २८ माघ/

वरपरका खेतमा तोरी उखालेर खनजोत भइसकेको छ भने नजीकैको ठोरी–४ मा पर्ने पीपलडाँडामा त गहुँखेती हुँदैन । सुर्तीखेतीमा अत्यधिक दुःख र तोरीमा लगानी उठाउन नै गाह्रो परेकोले



गहुँखेतीको हेरचाह गर्न बनाइएको मचान । तस्वीरः प्रतीक

अरू खेतमा रहेको सुर्ती बालीमा पनि सुर्तीको पात टिप्ने बेला भइसकेको छ ।

तोरी भित्र्याएर छिमेकका किसान आनन्दले घर बसेका छन् भने सुर्ती बालीमा जङ्गली जनावरले कुनै क्षति नपुर्‍याउने भएकोले सुर्ती किसानलाई पनि बाली कुर्नुपरेको छैन । तर ठोरी–४ का किसान भक्तबहादुर गोलेको गत कात्तिक पहिलो सातादेखि राति घरमा बास छैन । उनीसँगै सोही वडाका अर्का किसान नारायण श्रेष्ठ पनि घरमा सुत्न पाएका छैनन् । दुवैजना किसानले लगाएको गहुँखेतीमा जङ्गली जनावरले दुःख दिने गरेकाले उनीहरू खेतमा नै सुत्ने गरेका छन् ।

सामान्यतया पर्साको ठोरी–४ सुर्ती र तोरी खेतीका लागि चर्चित क्षेत्र हो । यहाँको मालीबस्ती र गोपीबस्ती बाहेकका अन्य ठाउँमा खासै गहुँखेती हुँदैन । झन् भक्तबहादुर र नारायणले पहिलोपटक गहुँखेती लगाउने निर्णय गरे । उनीहरूले गहुँ छरेपछि नजीकैका किसान रोशन श्रेष्ठ र दुर्गाबहादुर श्रेष्ठले पनि गहुँ छरे । सीमावर्ती भारतीय बजार भङ्गाहाबाट बीउ खरीद गरेर चारजना किसानले करीब तीन बिघा खेतमा गहुँ छरेका हुन् ।

उर्वर माटो भएको र भारतीय बजारबाट मल खरीद गरेर समयमा नै मलखाद गरेकाले गहुँ असाध्यै राम्रोसँग सप्रिएको छ । तर दैनिक राति आउने जङ्गली जनावरले गहुँ बाली खाएर हैरानी खेप्नुपरेको उनीहरूको गुनासो छ । नजीकै रहेको पर्सा राष्ट्रिय निकुञ्जबाट सोलार फेन्स नाघेर आउने नीलगाई र हरिणले बाली खाएर हैरान पारेको किसान रोशन श्रेष्ठले बताए । उनले राति कुर्न नगएको बेला त गहुँ खेतमा नै नीलगाई र हरिण बास नै बसेर दुःख दिने गरेको सुनाए ।

एक हजार बिघाभन्दा धेरै क्षेत्रफलमा फैलिएको खेतको फाँटमा करीब तीन बिघा मात्र गहुँ लगाउँदा त जनावरबाट जोगाउन नै कठिनाइ भएको किसानको दुःखेसो छ । जनावर धपाउन किसानले खेतमा सुत्ने ठाउँको व्यवस्था गरेका छन् । पानी परेको बेलामा पनि किसानहरू सोही छाप्रामा सुतेर रात काट्छन् । राति बेलाबेलामा टर्चको उज्यालोले खेतमा हेर्दा उज्यालोको कारण जनावर भाग्ने किसानहरू सुनाउँछन् ।

तर जतिसुकै पानी परे पनि र जाडो भएपनि जनावर आउन नछाड्ने किसान गोले सुनाउँछन् । पहिलोपटक खेती गरेको भएपनि गहुँमा बाला पस्न थालिसकेको छ । गहुँ नकाटुन्जेल बारीमा नै सुत्नुपर्दा भने दिक्क लागेको उनले बताए । उब्जनी राम्रो भएकोले २६ कट्ठा खेतमा गहुँ लगाएका किसान रोशन श्रेष्ठले ६० क्वीन्टल गहुँ फलाउने लक्ष्य राखेको बताए । तर जनावरको कारण भने गहुँ कहिले पाक्ला जत्तिकै भएको उनी सुनाउँछन् ।

पहिले सिंचाइको अभावमा गहुँ नलगाउने यस क्षेत्रमा अहिले सिंचाइको सुविधा तथा हुलाकी सडक बनेपछि सहजै गहुँ बिक्री गर्ने आशामा किसानले गहुँ लगाएका हुन् ।

## फरार अपराधी पक्राउ

प्रस, गरुडा, २८ माघ/

सर्लाही प्रहरीले अदालतबाट कैद सजाय पाएको एक फरार अपराधीलाई पक्राउ गरेको छ । सर्लाहीको हरिवन नगरपालिका–११ का करीब ३५ वर्षीय बुधन भन्ने शेख हमिदलाई पक्राउ गरी सर्लाही जिल्ला अदालतमा पेश गरेको छ । २०७४ पुस ९ मा सर्लाही जिल्ला

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**मानव आत्माको कुनै जाति हुँदैन ।**

**– रवीन्द्रनाथ टैगोर**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# नहरको डिलमा सडक

**पर्सा जिल्ला अन्तर्गत गण्डक नहरको सर्भिस लेनमा पाँचवटा पुल निर्माण हुने भएको छ । सडक डिभिजन कार्यालयले पाँचवटा पुल निर्माणको लागि ठेक्का प्रक्रियामा रहेको र आउँदो साउन मसान्तदेखि निर्माण शुरू गर्ने जनाएको छ । सर्भिस लेनमा पर्ने ओरिया, सिकटा, नवरङ्गिया, ढोङियालगायतका खोलामा पुल निर्माण हुने भएको हो । पहिलोपटक गण्डक नहर नेपाल–भारत सीमा पर्साको जानकीटोलादेखि महुवन–लखनपुरसम्म विभिन्न पाँचवटा खोलामा पुल निर्माण हुन लागेका हुन् । यसैबीच सो नहरको बाटोमा पर्ने पर्साकै मनियारी, श्रीसिया खोला र बाराको प्रसौनीस्थित त्रिवेणी खोलाको पुल अरूभन्दा पहिले निर्माण गर्नुपर्ने सो क्षेत्रका बासिन्दाहरूले माग गरेका छन् ।**

**आजभन्दा ४५ वर्षअघि निर्माण भएको गण्डक नहर जानकीटोलादेखि बारा, रौतहट हुँदै वाग्मती नदीसम्म पुग्दा ८१ किलोमिटर लामो छ । हाल बाराको ११ नं सिंचाइ ब्लकसम्म करीब ६० किलोमिटर क्षेत्रमा मात्रै सिंचाई सेवा उपलब्ध भएपनि सो नहरको जमीन तथा बाटो वाग्मती किनारासम्मै छ । नहर निर्माण भएको सिंचाइको लागि हो, तर उक्त नहरको पर्सा जिल्लामा ठूलो गुण छ । हिजोको दिनमा वीरगंज–पोखरिया कालोपत्रे त के ग्राभेल सडक पनि थिएन । जिल्लामा कुनै सडक सञ्जाल नहुँदा सदरमुकाम वीरगंजदेखि गाउँसम्म जोड्ने एक मात्रै मार्ग गण्डक नहरको सर्भिस लेन नै थियो । विगतमा गाउँ–शहर बस सेवा थिएन । पछि चले पनि वर्षात्को समयमा ग्रेभलविनाको सडक गल्ने, डुबान हुने हुँदा साइकलसमेत अवद्ध हुने गर्थ्यो । त्यो अवस्थामा गाउँलेको उद्धार गर्ने एकमात्रै मार्ग नहरको डिल थियो । 'नहरको बाटोसम्म निस्कन पाइयो भने जसोतसो वीरगंज पुगिन्छ' भन्ने भरोसा यात्रुहरूमा रहन्थ्यो । आज पनि गण्डक नहर किनारामा सवारी तथा यात्रुको चाप कम छैन । नहरको बाटो कालोपत्रे गर्नुपर्ने आवाज बारम्बार उठेको हो । तर नहरको डिलबाट सवारी चल्दा नहर कमजोर हुने सिंचाई विभागको बहाना एकातर्फ रह्यो भने, नहरको सडक जोखिमपूर्ण हुने बहाना अर्कोतर्फको थियो ।**

**नहरको डिलमा कालोपत्रे सडक निर्माण हुँदा कमजोर होइन, सडक झन् मजबूत हुनेछ । दुवै किनारामा बोटबिरुवा पुनर्जीवित गराउन सके सुनमाथि सुगन्ध थपिन्छ । अब सडक डिभिजन कार्यालयले नहरको सडक कालोपत्रे शुरू गरिसकेको छ । सडकसँगै उसले पुल निर्माण पनि शुरू गर्न लागेको हो । २०३० जेठ २१ गते यो नरहको उद्घाटनका क्रममा तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले गण्डक नहरमैं साना ठूला गरी तीन हजार पाँच सय ७४ वटा पुल, पुलेसा, कल्भर्डको उद्घाटन गरेका थिए । आज यी सबै संरक्षण जीर्ण अवस्थामा पुगिसकेका छन् । नहरको डिलबाट सडक कुदाउने हो भने मुख्य नहरमा पर्ने संरचनाहरू पुनः निर्माण गर्नुपर्छ । तर एकैपटक सकिंदैन । यसको निम्ति सो क्षेत्रका बासिन्दाले पनि धैर्यतासँगै योजना निर्माणमा सहयोग पुर्‍याउनुपर्छ । यो सडक तीनवटा जिल्लालाई जोड्ने द्रुत मार्ग बन्न सक्छ । त्यसको निम्ति विवादलाई स्थान**

# नेपाली राजनीतिका अल्सर र क्यान्सरहरू

स्वतन्त्र विचार



**वैधनाथ श्रमजीवी**

baidhnath2071@gmail.com

**हाम्रो देशको संसदीय राजनीतिमा लागेका कुनै पनि कथित कम्युनिस्ट पार्टी वास्तवमा कम्युनिस्ट पार्टी होइनन् । यिनीहरूले पद र पैसाको लागि शहीदहरूको रगत, शहादत, सपना र उद्देश्य सबै भूमण्डलीकृत पूँजीवादीहरूको हातमा बेचेका छन् ।**

नेपालमा पार्टी खोलेर राजनीति गर्ने कामको श्रेय सबैभन्दा पहिले टङ्कप्रसाद आचार्यलाई जान्छ । विसं १९९३ मा राणाहरूविरुद्ध खोलिएको पहिलो पार्टी हो । त्यसपछि २००६ सालमा नेपाली काङ्ग्रेसको स्थापना भएको हो । त्यति बेला नेपाल राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातान्त्रिक काङ्ग्रेसको एकीकरण गरेर नेपाली काङ्ग्रेस निर्माण गरिएको थियो । यसको पनि मुख्य उद्देश्य नेपालको राजनीतिबाट पारिवारिक जहानियाँ निरङ्कुश राणाशासनको अन्त्य गरी प्रजातन्त्रकै स्थापना गर्नु थियो । नेपाली काङ्ग्रेसको मुख्य अगुवा नेता तथा संस्थापक विशेश्वरप्रसाद कोइराला थिए । त्यसैगरी, २००६ सालमा पहिलोचोटि वैशाख १० गते नेपाल कम्युनिस्ट पार्टी गठन गरिएको थियो । यो त्यति बेलाको अवस्थामा पुपष्लाल श्रेष्ठ, नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, नारायणविलास श्रेष्ठ र मोतीदेवीको संलग्नतामा भारतको कलकत्ताको श्यामबजारमा गठन गरिएको थियो ।

विसं १९९३ देखि २०७८ सम्म आइपुग्दा ८५ वर्षको यो राजनीतिक यात्रामा निकै उथलपुथलहरू भए । त्यति बेला संसारभरि समाजवादको हुरी अति वेगले चलिरहेको हुनाले नेपाली राजनीति पनि त्यसको प्रभावमा परेको स्पष्ट देख्न सकिन्छ । नेपाली काङ्ग्रेसजस्तो दक्षिणपन्थी, पूँजीवादी विचार बोक्ने पार्टीले समेत समाजवादको नारा र नीति पार्टीभित्र ल्याएको थियो, जुन अद्यावधि छँदैछ । संसारभरि कम्युनिस्टहरूको प्रभाव र पकड बलियो ढङ्गले एकपछि अर्को देशमा बढ्दै गएको राजनीतिक घटनाहरूले गर्दा तत्कालीन राजा महेन्द्रले समेत जनतालाई आफ्नो प्रभावमा पार्ने तरीकाको रूपमा मात्रै भएपनि भूमिसुधार जस्ता कार्यक्रमहरू ल्याएको स्पष्टै देख्न सकिन्छ ।

साढे आठ दशकको लामो यात्राले नेपाली राजनीतिमा नेपाली काङ्ग्रेसदेखि नेपाल कम्युनिस्ट पार्टीहरूसमेत सबैले आवश्यकता अनुसार राज्यविरुद्ध सङ्घर्षमा एकचोटि हतियार उठाएकै देखिन्छ । प्रत्येकपटक हतियार उठ्दा जनताका छोराछोरीले उल्लेख्य सङ्ख्यामा शहादत पनि दिएकै हुन् । तर आजसम्म जनताले खोजेको निकास वा तत्कालीन पार्टीहरूले बाँडेको आश्वासन जस्तो राज्य प्रणाली कहिले पनि स्थापना हुन सकेन । आधारभूतरूपमा राज्य प्रणालीभित्र जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारजस्ता सवालमा पहुँच हुन सकेन । प्रत्येक आन्दोलनपछि जनताले नेताहरूबाट ठूलो आस लिएको थियो तर आजसम्म धोकाबाहेक केही पाउन सकेको छैन । जनतालाई धोका दिने सवालमा राजा, काङ्ग्रेस, कम्युनिस्ट, मधेसवादी आदि सबै संसदीय दल एउटै ड्याङका मूला हुन्भन्दा कुनै अतिशयोक्ति नहोला ।

भन्नलाई नेपालबाट दुई सय पचास वर्ष पुरानो शाही राजतन्त्र समाप्त भएको छ । देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । तर वास्तवमा राजाको प्रत्यक्ष शासनकाल होस् वा परोक्ष त्यति बेला पनि जनताको पहुँच राज्य सञ्चालनमा थिएन र आज पनि छैन । लोकतन्त्रको नाममा आवधिक निर्वाचन त्यो पनि अत्यधिक महँगो । एउटा आम मानिसले वर्तमानको चुनाव प्रणालीमा आफूलाई सहभागी गराउनै सक्दैन । अनि यस्तोमा देशको शासक निस्सन्देह दलाल, पूँजीपतिहरू नै हुने गर्छन् । उनीहरूकै हातमा मुलुकको भविष्य रहन्छ, जुन कि निश्चितरूपमा जनविरोधी हुन्छ नै ।

यतिबेला मानिसहरूको एउटा तप्काको बुझाइ के छ भने मानिसले राजनीति गर्ने भनेकै पैसा कमाउनलाई हो । हो यही कमिशन र लाभले गर्दा यतिबेला सबै पार्टीभित्रका अन्तरविरोध सडकमा छताछुल्ल भएर देखिएको छ । वर्तमानको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाली काङ्ग्रेस, नेकपा र मधेसी पार्टीहरूको संयुक्त योगदानबाट आएको कुरा सबैले स्वीकार्नै पर्छ । तर यसको साथसाथै देशमा भएको वर्तमान दलाल, पूँजीवादी व्यवस्थासमेत यी पार्टीहरूले नै भित्र्याएका हुन् भन्दा फरक नपर्ला । यतिबेला देशको राजनीतिमा अल्सर देखा परेको छ । जसले आफूहरूलाई मुख्य राजनीतिक धारको रूपमा व्याख्या गर्न रुचाउँछन् । वास्तवमा तिनीहरूकै चरित्रले गर्दा मुलुकको राजनीति अबुर्द्धरोग अर्थात् क्यान्सर रोगको शिकार हुन पुगेको छ ।

विगतमा नेकपा एमाले र नेकपा माओवादी केन्द्रको भूमिकालाई नेपाली राजनीतिमा कम आकलन गर्न सकिंदैन तर यिनीहरूकै भूमिकाले गर्दा यतिबेला मानिसहरू कम्युनिस्ट पार्टीको नाम पनि सुन्न चाहँदैनन् । यतिबेला नेपालका कम्युनिस्ट भनेको भ्रष्टाचार गर्ने, गराउने, कमिशन खाने, खुवाउने तथा गैरमार्क्सवादी आचरण धारण गर्ने गराउने, व्यक्ति, समूह, झुन्ड भन्ने बुझिन्छ भन्दा कुनै आश्चर्य मान्नुपर्दैन ।

जबकि वास्तवमा सामाजिक, राजनीतिक दर्शनमा मार्क्सवाद उत्पादनका माध्यमहरूमा सामाजिक स्वामित्वबाट वर्गविहीन समाज स्थापना गर्न सङ्कल्प गर्ने व्यक्तिहरू कम्युनिस्टहरू हुन् भन्ने बुझाइ हुनुपर्छ । संसारमा कतै पनि सेना नभएको कम्युनिस्ट पार्टी हुनै सक्दैन । यदि छैन भने त्यो नक्कली कम्युनिस्टहरू हुन् बुझ्दा अलि सत्यको नजीक भइन्छ । कम्युनिस्टहरूको मुख्य सिद्धान्त वर्ग सङ्घर्षको सिद्धान्त नै हो ।

मार्क्सवाद एउटा वैज्ञानिक सिद्धान्त र सर्वहारा श्रमजीवी वर्गको विश्व दृष्टिकोण हो । मार्क्सवादको दर्शन द्वन्द्वात्मक भौतिकवाद हो । मार्क्सवादले मानव सभ्यता र समाजलाई दुई वर्गमा विभाजन भएको मान्छ– शोषक र शोषित । शोषकहरू शोषितहरूले हतियारबन्द आन्दोलनबाट शोषकहरूलाई सत्ताबाट नफालेसम्म उनीहरू उत्पादनका स्रोत र साधनमाथि आफ्नो अधिकार जमाइराख्छन् हो यही हुने र नहुनेको सामाजिक अवस्थाले वर्ग सङ्घर्षको भूमि तयार गर्छ । फलस्वरूप वर्ग सङ्घर्षको परिणामस्वरूप वर्गविहीन समाज (साम्यवाद) स्थापना हुन्छ ।

त्यसैले समाजलाई समृद्ध पार्न र देशलाई चौतर्फी विकास गर्न वर्तमान अवस्थाको दलाल पूँजीवादी अर्थप्रणालीलाई ध्वस्त गरेर समाजवादी अर्थप्रणाली विकसित गर्न जरुरी छ । अनिमात्रै समाज आत्मनिर्भरताको बाटोमा अग्रसर हुनेछ । यतिबेला नेपाली समाजमा संसद्वादी धारका कथित कम्युनिस्टहरू जो वास्तवमा कम्युनिस्ट नै होइनन् । उनीहरू समाजमा कम्युनिस्टको नाममा क्यान्सर मात्र हुन् । किनभने संसद्को बाटोबाट संसारमा कहीं पनि आजसम्म समाजवाद आएको छैन र आउनेवाला पनि छैन । संसद्को बाटोबाट समाजवाद ल्याउँछु भन्नु क्रान्तिकारी कम्युनिस्ट भावना भएका हजारौं कार्यकर्तालाई गुमराह गरेर पार्टीभित्र दलाल पूँजीवादको पाइतालामा त्वम् शरणम् गच्छामी गर्नु मात्रै हो । यस्तो अवस्थामा गैरकम्युनिस्ट चरित्र भएका पार्टी र नेता तथा कार्यकर्ताहरूलाई कदापि कम्युनिस्ट अथवा प्रगतिशील वा वामपन्थीसमेतको दर्जा दिनुहुन्न । दलालहरूलाई दलाल नै भन्नुपर्दछ । त्यसमा पनि पूँजीवादी, साम्राज्यवादीहरूको दलालीमा समर्पित भएर देशभित्र क्रान्तिको गर्भ तुहाउने दलालहरूलाई स्पष्टरूपमा नङ्ग्याउनै पर्छ ।

हाम्रो देशको संसदीय राजनीतिमा लागेका कुनै पनि कथित कम्युनिस्ट पार्टी वास्तवमा कम्युनिस्ट पार्टी होइनन् । यिनीहरूले पद र पैसाको लागि शहीदहरूको रगत, शहादत, सपना र उद्देश्य सबै भूमण्डलीकृत पूँजीवादीहरूको हातमा बेचेका छन् । यिनीहरू निर्वाचनमा जतिपटक जिते पनि उही बीस वर्ष बङ्गालमा कम्युनिस्ट पार्टीको नामबाट शासन गर्ने ज्योति बसुजस्तै बन्नेछन् । जहाँ मजदूरले खाली खुट्टा रिक्शा तान्नुपर्ने बाध्यता कहिल्यै हटेन ।

# खोपको २४ लाख मात्रा हराएको छैन : स्वास्थ्यमन्त्री खतिवडा

काठमाडौं, २८ माघ/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले कोरोना भाइरसविरुद्धको खोपको २४ लाख मात्रा नहराएको बताएका छन् । मन्त्री भएको एक सय दिन पुगेको अवसरमा शुक्रवार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले खोप हराएको नभई तथ्याङ्क नआएको उल्लेख गरे ।

"खोपको २४ लाख मात्रा हराएको होइन, हामीले खोप लगाउनका लागि प्रदेश, जिल्ला, स्थानीय तह हुँदै टोलटोलमा स्वास्थ्यकर्मी खटाएका थियौं," मन्त्री खतिवडाले भने, "टोलटोलमा गएर लगाएको तथ्याङ्क नआएको मात्र हो ।" उनले खोप लगाउँदा केही मात्रा खेर गएकाले पनि तथ्याङ्क नमिलेको बताए ।

"एउटा डब्बामा रहेको खोपको १० मध्ये आठ मात्रा लगाइयो र बाँकी दुई मात्रा खोप त्यही दिन लगाइएन भने त्यो खेर जान्छ," उनले भने, "त्यसरी पनि खोपको मात्रा खेर गइरहेको छ ।" हराएको खोपको सम्बन्धमा मन्त्रालयले प्रमुख विशेषज्ञ डा गुणराज लोहनीको संयोजत्वमा पाँच सदस्यीय छानबीन समिति गठन गरेको र चाँडै नै हराएको खोपका बारेमा जानकारी दिने मन्त्री खतिवडाको भनाइ थियो ।

मन्त्री खतिवडाले आगामी वैशाख मसान्तसम्म लक्षित जनसङ्ख्या सबैलाई कोभिड–१९ विरुद्धको खोपको पूर्ण मात्रा प्रदान गर्ने लक्ष्य निर्धारण गरिएको र त्यसका लागि आवश्यक पर्ने खोपको मौज्दात सुनिश्चित गरिसकिएको बताए । उनले १२ वर्षदेखि माथिका सबैलाई खोप लगाइने जानकारी दिए । सरकारले माघ २७ गतेसम्म १२ वर्षभन्दा माथिको लक्षित जनसङ्ख्याको ७७५ लाई पहिलो मात्रा र ६९५ जनालाई खोपको पूर्ण मात्रा प्रदान गरेको छ ।

यस्तै, मन्त्री खतिवडाले ५–११ वर्ष उमेर समूहका बालबालिकालाई समेत कोभिड–१९ विरुद्धको खोप प्रदान गर्न खोपको उपलब्धता सुनिश्चितता भइसकेको बताए । हालसम्म चार करोड ६५ लाख ७० हजार ७२० खोपको मात्रा प्राप्त भइसकेमा तीन करोड ४८ लाख २५ हजार ६०१ मात्रा लगाइएको छ । मन्त्रालयले खोपको पहुँच नपुगेको स्थान र समुदायको पहिचान गरी प्रदेश र स्थानीय सरकारको नेतृत्वमा खोप अभियान सञ्चालन गरेको मन्त्री खतिवडाले जानकारी दिए ।

"ठूला अस्पतालमा र जनघनत्व बढी भएका शहरका विभिन्न सार्वजनिक स्थानमा खोप केन्द्र निर्धारण गरेर दैनिकरूपमा खोप प्रदान भइरहेको छ," उनले भने, "दैनिक आवतजावत गर्ने स्थान जस्तै बसपार्क, काठमाडौं उपत्यकाका मुख्य प्रवेश नाकामा यात्रीलाई लक्षित गरी दैनिक खोप सेवा प्रदान गरिएको छ ।"

मन्त्री खतिवडाले आफ्नो सय दिनको कार्यकालको उपलब्धमा कोरोना भाइरसको पिसिआर परीक्षण शुल्क घटाएको उल्लेख गरेका छन् ।

निजी अस्पताल/प्रयोगशालामा रु दुई हजारबाट रु एक हजार ५०० र सरकारी स्वास्थ्य संस्थामा रु एक हजारबाट रु आठ सय कायम गरिएको जानकारी दिए ।

यस्तै, कोरोना सङ्क्रमितको उपचार व्यवस्थापनका लागि अक्सिजन प्लान्ट, अक्सिजन सिलिन्डर, सघन उपचार कक्ष (आइसियू) शय्या, हाई डिपेडेन्सी युनिट (एचडियू) शय्याको सङ्ख्या वृद्धि गरी अस्पतालको क्षमता वृद्धि गरिएको मन्त्री शर्माले बताए । यस्तै, कोभिड–१९ युनिफाइड अस्पताल (वीर अस्पताल) मा २४सैं घण्टा कोरोना भाइरसको उपचारका लागि हटलाइन (११३३) सेवा मार्फत परामर्श सेवा प्रदान गर्न शुरू गरिएको छ । भारतसँग सिमाना जोडिएका प्रवेश विन्दुमा स्थापित हेल्थ डेस्कको क्षमता वृद्धि गरी दैनिक नेपाल प्रवेश गर्ने यात्रीमध्ये ९०५ को स्क्रिनिङ भएको र तीमध्ये ८७ प्रतिशतभन्दा बढीको कोभिड–१९ को परीक्षण भइरहेको मन्त्री खतिवडाले जानकारी दिए ।

रेबिजविरुद्धको खोप 'इम्युनोग्लोबुलिन' शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकुबाट मात्र वितरण गरिंदै आएकामा हाल सातै प्रदेशका एक/एक अस्पतालबाट निश्शुल्क उपलब्ध हुने व्यवस्था गरिएको उनले बताए ।

**ज्येष्ठ नागरिक अस्पताल अर्को आर्थिक वर्षमा**

मन्त्री खतिवडाले ज्येष्ठ नागरिकलाई मात्र उपचार गर्न भनेर ज्येष्ठ नागरिक अस्पताल स्थापना गर्न लागिएको बताए । उनले अस्पताल स्थापनाका लागि समिति गठन गरेर सम्भाव्यता अध्ययन कार्य भइरहेको र अर्को वर्ष बजेट विनियोजन गरेर कार्य प्रारम्भ गर्ने जानकारी दिए । मुलुकको मध्यभागमा ज्येष्ठ नागरिक अस्पताल स्थापना गर्ने सरकारको तयारी छ ।

यस्तै, दुई हजार २०० वडामा वडा तहको आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न भएको उनको भनाइ छ । २२६ पालिकामा पाँच, दश, १५ शय्याका आधारभूत अस्पतालको बोलपत्र प्रक्रिया भई कार्य प्रारम्भ भएको उनले बताए । जर्मन विकास बैंकको सहयोगमा दोलखाको जिरी, रामेछाप र गोर्खामा सुविधासम्पन्न अस्पताल भवन निर्माण सम्पन्न भएर हस्तान्तरणसमेत भइसकेको उनले जानकारी दिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष-३५ २०७८ माघ २९ गते शनिवार 2022 February 12 Saturday



# जहाँ बुद्धले पहिलो शिक्षा दिएका थिए

संस्मरण



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**भगवान् बुद्धको तीर्थस्थलहरूमा हुने वा हुनुपर्ने आकर्षणहरू सारनाथमा पनि छन्। उही शैलीको शान्ति र उही शैलीका भवनहरू। बौद्ध तीर्थस्थलहरूमा एकापसमा शान्ति र शैलीको दृष्टिकोणले गाँसिएका छन्। झन्डै एकै ठाउँका प्रतिरूपहरू जस्ता पनि मलाई लाग्छ।**

नेपाली भगवान् भनेर चिनिएका बुद्धसित सम्बन्धित ठाउँहरू यत्तिकै प्रिय छन्। शान्तिका लागि भगवान् बुद्ध परिचित छन्। एशियाका तारा भनेर पनि सिद्धार्थलाई नै चिनाउने हो। भगवान् बुद्धको यत्ति धेरै व्यावहारिक महत्त्व रहेको छ। उनका बारेमा लेखिएका



सारनाथको अशोक स्तम्भ।

साहित्य निकै पहिलेदेखि खोजीखोजी पढ्ने गरेको छु। यद्यपि क्षुधापूर्ति भने हुँदैन। बुद्धको बारेमा अझ धेरै जान्ने चाहना रहिरहन्छ।

बुद्ध आफैं पुगेको ठाउँमा पुग्दा भने अभ्यन्तरमा फरक सन्तुष्टि प्राप्त हुन्छ। यही सन्तुष्टिको खोजीमा बुद्धसित सम्बन्धित मुख्य स्थानहरूमा टेक्ने प्रयत्न जारी छ। यसरी पनि विचार गर्छु– पूर्वेली र पाश्चात्य धेरै विद्वान्हरू बुद्धको बारेमा जान्न चाहँदा र खोज्दा अन्ततः अनुयायी बनेका छन्। किन होला ?

उत्तरको खोजी आफूले नै गर्नुपर्छ। र यस्तो प्रश्नको उत्तर कुनै ठाउँमा डुलेर पाइँदैन। बुद्ध साहित्य नै पढ्नुपर्दछ। खोजी गर्नुपर्दछ तर बुद्धसित सम्बन्धित मुख्य स्थानहरूमा पुग्दा पाइने सन्तुष्टि मेरोलागि आनन्ददायी हुन्छ। जहाँ सन्तोष पाइन्छ र आनन्द पनि पाइन्छ, त्यस्तो ठाउँमा जान मन लागिरहन्छ। यही कारण हो कि कतै निस्किंदा बुद्ध धर्मसित सम्बन्धित ठाउँ छेउछाउमा पर्दछ भने अवलोकन गरिहाल्छु। बुद्ध जन्मेको लुम्बिनी, ज्ञान प्राप्त गरेको बोधगया, महापरिनिर्वाण प्राप्त गरेको कुशीनगर जस्ता अतिविशिष्ट बौद्ध धार्मिकस्थलहरूको भ्रमण विभिन्न सन्दर्भमा गरिसकेको छु। भगवान् बुद्धले पहिलोचोटि उपदेश दिएको ठाउँमा टेक्नुपर्ने चाहना थियो, यो चाहना २०७८ भदौमा पूरा भयो।

बनारस अर्थात् काशीको दोस्रो यात्रा थियो गत भदौमा। पहिलोचोटि झारखण्डको बाबाधाम पुगेर बिहार हुँदै बनारस पुगेका थियौं र अयोध्या, गोरखपुर हुँदै घर फर्केका थियौं। तर यसपटक भने बाबाधाम बन्द थियो र बनारस खुला। साउन वा भदौमा सम्भव भएसम्म बाबाधाम पुगिरहेका हामीलाई बाबाधामको विकल्प रोज्नुपर्ने अवस्था आएको थियो र बनारसको विश्वनाथ महादेवको दर्शन गरी कतै भ्रमण गर्नुपर्ने थियो।

पहिले गूगलको प्रयोग त्यति गर्दैनथ्यौं तर बिस्तारै हातमा मोबाइलको सङ्ख्या बढ्दै जानु तथा हरेक मोबाइलमा इन्टरनेटको सुविधा बढ्दै गएपछि स्थानहरूको खोजी स्वाभाविक हुन्छ। पहिले नै यतिको सुविधा, रुचि र ढङ्ग भएको भए शायद बनारसको छेवैमा र अझ बनारसमैं रहेको सारनाथ जहाँ भगवान् बुद्धले पहिलोचोटि ज्ञानको उपदेश दिएका थिए। यस स्थानको दर्शन, भ्रमण र अवलोकन गर्न छाड्ने थिएनौं।

बनारसमा करीब सात वर्षदेखि मुजफ्फरपुरका मित्र बस्छन्। उनी त्यहाँ अध्ययन गर्छन्। अभय कुमार नाम हो भन्नेसम्म थाहा छ तर भेट चाहिं कहिल्यै भएको छैन। बनारस बसाइँ उनीसँगै हुने वा सरल तरीकाले बनारसका प्रमुख स्थलहरूको अवलोकन भ्रमण हुनेमा ढुक्क छौं।

अभय कुमार स्नातकोत्तर अध्ययनरत छन्, काशी हिन्दू विश्वविद्यालयमा। काशी हिन्दू विश्वविद्यालयलाई नै बनारस हिन्दू विश्वविद्यालय र छोटकरीमा बिएचयू भनिन्छ। अभय कुमारसित चिनजान भएको सामाजिक सञ्जालमा हो। चिनजानको कारक भने भाषा र साहित्य हो। उनी पनि बज्जिका भाषा र साहित्यमा गहिरो रुचि लिने व्यक्ति हुन्।



भगवान् बुद्धले प्रथम शिक्षा दिंदाको प्रतिरूप। तस्वीरः लेखक

हामी घरबाट निस्कने निश्चित भएपछि नै उनीसित सम्पर्कमा छौं र उनी स्वागतका लागि तयार भएर बसेका छन्।

निर्धारित समयभन्दा हामी धेरै ढिलो हुन्छौं, कारण हुन्छ हामीले रोजेको बाटो। हुनत भीडभाडवाला बाटो रोजेपछि जाममा समय त जान्छ तर गाउँठाउँलाई भने हेर्न पाउँछौं। बनारसमा मध्याह्न बाह्र बजे पुग्नुपर्ने ठाउँमा हामी छ घण्टा ढिलो गरी पुग्दा पनि मित्र अभय कुमार हाम्रो प्रतीक्षामा हुन्छन् र सम्भव भएसम्मको स्वागत सत्कार गर्छन्।

अर्को दिन बनारसमा गङ्गास्नान, विश्वनाथ महादेव दर्शन, बनारसको किल्लावलोकन गर्दछौं र तेस्रो दिन सारनाथतर्फ लाग्दछौं।

भगवान् बुद्धका प्रमुख तीर्थस्थलहरू कुनै ठूलो शहरको नजीकै छन्। गया शहरको नजीकै बोधगया रहेको छ भने बनारससँगै सारनाथ। पहिले त बनारसभन्दा १५/२० किलोमिटर टाढा छ भन्ने सुनेको थिएँ तर शहरीकरण बढ्दै जाँदा शहरभन्दा धेरै टाढा लागेन। अब त बनारसकै एउटा भाग हो जस्तो लाग्यो सारनाथ क्षेत्र।

लुम्बिनी, बोधगया, कुशीनगर जस्ता ठाउँमा पुग्दा जुन शान्तिको अनुभूति हुन्छ, त्यही शान्तिको रङ्गीन प्रतिलिपिजस्तो आनन्दको शान्ति सारनाथमा पनि पाइन्छ। भगवान् बुद्धले उपदेश दिएको ठाउँमा सम्राट अशोक पनि पुगेका रहेछन्। उसो त सम्राट अशोक इतिहासका एक पात्र हुन् तर बुद्धसित जोडिएपछि उनी अमर बन्न पुगेका हुन्। वास्तवमा सम्राट अशोकलाई चिनाउने इतिहासको अध्ययन धेरै कमले गरेका छन् तर भगवान् बुद्धसित सम्बन्धित भएर काठमाडौं, लुम्बिनी, सारनाथ, वैशाली जस्ता ठाउँमा उनी पुगेका बेला जुन स्तम्भ निर्माण गर्न लगाए, जसले गर्दा उनी अमर बने। ती अशोक स्तम्भहरूले भगवान् बुद्धको तीर्थस्थललाई पनि सम्मानित गरिरहेका छन् र भगवान् बुद्धको तीर्थस्थलमा हुने अशोक स्तम्भहरूले सम्राट अशोकलाई पनि अमरत्व प्रदान गरिरहेका छन्। भारतीय इतिहासका सम्राटहरूमा अशोक पनि यस्ता पात्र हुन्, जसको कीर्तिको गाथा बौद्धतीर्थयात्रीहरू लाखौंले हरेक दिन गाइरहेका छन्। स्वाभाविक छ, बौद्धतीर्थस्थलहरूमा देश र विदेशबाट दैनिक लाखौं मानिस पुगिरहेका देखिन्छन् र हरेकले सम्राट अशोकको कार्यको बारेमा चर्चा गरिरहेका हुन्छन्। सारनाथमा सम्राट अशोकको कार्य झन् विशिष्ट छ। भगवान् बुद्धको जीवनसित सम्बन्धित स्थलहरूलाई परिचित गराउन सम्राट अशोकको भूमिका अतुलनीय छ र यही भूमिकाले गर्दा अशोक सम्मानित र पूजित पनि बन्न पुगेका छन्।

भगवान् बुद्धको तीर्थस्थलहरूमा हुने वा हुनुपर्ने आकर्षणहरू सारनाथमा पनि छन्। उही शैलीको शान्ति र उही शैलीका भवनहरू। बौद्ध तीर्थस्थलहरूमा एकापसमा शान्ति र शैलीको दृष्टिकोणले गाँसिएका छन्। झन्डै एकै ठाउँका प्रतिरूपहरू जस्ता पनि मलाई लाग्छ।

जहाँ भगवान् बुद्धले प्रथम प्रवचन दिएका थिए, पहिलो मौलिक शिक्षा दिएका थिए, त्यो ठाउँ सारनाथ हो। र सारनाथको जुन ठाउँमा भगवान् बुद्धले पहिलो औपचारिक उपदेश दिएका थिए, त्यस ठाउँलाई सुरक्षित पारिएको छ। हुनत त्यहाँ बुद्धको प्रतिमा छ र हामीले भन्ने गरेको ठूलो मन्दिर छ। अन्य दर्शनीय कुराहरू छन् तर जसरी भगवान् बुद्धले पाँचजनालाई प्रथम शिक्षा दिएका थिए, त्यसको प्रतिरूप पनि बनाइएको छ। यही दृश्य हेर्न पाउने मेरो इच्छा

(बाँकी पाँचौं पातामा)

# नारायणी अस्पतालको इतिहास र वर्तमान कथा-व्यथा

सरोकार




राजेश मिश्र
rajesh560107@gmail.com

**सरकारी सेवामा बहाल भएर निजी स्वास्थ्य संस्था वा आफ्नै नर्सिङ होमतर्फ केन्द्रित चिकित्सकले सरकारी सेवा परित्याग गरी सरकारको बोझ हल्का गर्नुपर्छ। अन्य चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरू उत्तरदायी हुनुपर्छ। दायित्वबोध गर्नुपर्छ।**

बिरामी : सर, एगो पुर्जी काट दिं ना। (सर, एउटा पुर्जी काटिदिनुस् न।)

कर्मचारी : कथी बेमारी भइल बा ? (के रोग लागेको छ ?)

बिरामी : बोखार लागता। (ज्वरो लागिरहेको छ।)



विसं २००८ मा क्लथ मर्चेन्टको अनुदान सहयोग नेपाल गजेटमा प्रकाशित, २०१८ माघ ९ गते वीरगंज अस्पतालमा चिकित्सकको नियुक्ति, २०४७ सालमा अस्पताल विकास समितिमा थपघट स्वास्थ्य मन्त्रालयको सूचना।



२०१८ सालमा उद्घाटन भएको महेन्द्र आरोग्य भवन, २०४२ सालमा उद्घाटन भएको ऐश्वर्य प्रसूति गृह (बायाँबाट) तस्वीरः लेखक

बिहानदेखि पुर्जी काट्ने काउन्टरमा भीड हुन्छ र दैनिक यस्तो संवाद सुन्न पाइन्छ। त्यसपछि ओपिडी सेवातर्फ बिरामीको पाइला बढ्छ। उहिले टहराबाट स्वास्थ्य सेवा शुरू भएको अस्पताल झन्डै तीन वर्षअघि केन्द्रीय अस्पतालमा स्तरोन्नति भइसकेको छ। चिकित्सकहरू जन्म वा मृत्युका कारक पक्ष होइनन्। यद्यपि चिकित्सकले आफ्नो दक्षता र स्वास्थ्य संसाधनको सहायताले उपचार गर्ने हरसम्भव प्रयास गर्नुपर्छ। मानवीय नाताले पनि बिरामीलाई निको पार्ने प्रयत्न गर्नु चिकित्सकको परम कर्तव्य हो। त्यसैले अन्य पेशा/सेवाभन्दा स्वास्थ्य सेवालाई सबैभन्दा उपल्लो श्रेणीको मान्यताप्राप्त छ। सेवाभावकै कारण स्वास्थ्य सेवामा समर्पित चिकित्सक तथा स्वास्थ्यकर्मीलगायत स्वास्थ्य सेवासँग आबद्ध समग्र जनशक्तिलाई सम्मानित दृष्टिकोणले हेरिन्छ। यद्यपि अन्य क्षेत्रसँगै स्वास्थ्य क्षेत्रमा पनि हेल्चक्रयाइँ, लोभ, मोह र स्वार्थ छैन भन्ने कुरा कदापि होइन।

उहिले वीरगंजको पहिचान नेपाल रेलवे, वीरगंज चिनी कारखाना, कृषिऔजार कारखाना, ठाकुर राम बहुमुखी क्याम्पस त थिए नै, उपचारको लागि एकमात्र छपकैयास्थित वीरगंज अस्पताल थियो। उहिलेको वीरगंज कस्तो थियो भन्ने कुरा अहिले केवल कल्पना गर्न सकिन्छ। उहिलेको वीरगंज देखेका पुस्ता अपवादबाहेक अहिले ब्रह्मलीन भइसकेका छन्। हाम्रा पूर्वजहरूले भोकले भन्दा बढी रोगले मृत्युवरण गरेको दृष्टान्त छ। सात/आठ दशकअघि स्वास्थ्य उपचार सेवामा अपवादबाहेक जनताको पहुँच थिएन। त्यसैले उहिले उपचारको अभावभन्दा पनि मृत्युलाई भाग्यको खेल मानिन्थ्यो। वीरगंजको लागि त्यो समय अति सुखद थियो, जतिबेला महेन्द्र आरोग्य भवनमा विशेषज्ञ चिकित्सकसहित वीरगंज अस्पताल सञ्चालित भयो। वीरगंज अस्पतालपछि नारायणी अञ्चल अस्पतालमा रूपान्तरण भयो। सोको केही वर्षपछि उपक्षेत्रीय अस्पतालको दर्जा पायो। र आज केन्द्रीय अस्पतालमा परिणत भई सेवाप्रवाह गरिरहेको छ।

आजको यस आलेखमा महेन्द्र आरोग्य भवन बन्नुभन्दा अघि वीरगंज अस्पतालको भौतिक संरचना कस्तो थियो ? महेन्द्र आरोग्य भवनको उद्घाटन कहिले र कसले गरेका थिए ? पहिलो नियुक्ति पाउने महिलासहित विशेषज्ञ चिकित्सक को को थिए ? श्री ५ ऐश्वर्य प्रसूति गृहको स्थापना कहिले भएको थियो ? क्लथ मर्चेन्ट, वीरगंजले कति र कहिले आर्थिक सहयोग गरेको थियो ? लगायतका वृतान्त विभिन्न पुरनियाहरूसँग भएको संवाद, अस्पताल तथा उपलब्ध दस्तावेजको आधारमा तयार पारिएको छ।

**पृथ्वी वीर अस्पताल, वीरगंज**

वीरगंज अस्पताल हुनु भन्दा पहिले 'पृथ्वी वीर अस्पताल' नाम थियो भन्ने कुरा केही व्यक्तित्वहरूको अभिव्यक्तिबाट जानकारीमा आयो। यद्यपि सोको सटीक प्रमाण खोज्ने प्रयास सफल भएन। त्यस कारण यसबारेमा विस्तारमा वर्णन गर्न असमर्थ छु।

**महेन्द्र आरोग्य भवनमा 'वीरगंज अस्पताल'**

विसं २०१८ सम्म 'वीरगंज अस्पताल' टहरामा सीमित थियो। पुरनियाहरूका अनुसार छपकैयास्थित मुख्य सडकको पश्चिमतर्फ एक/दुई वटा टहरा थिए। सोहीमा अहेबसरहका स्वास्थ्यकर्मीहरूबाट ज्वरो, रुघाखोकी, घाउ, चोटपटक आदि सामान्य उपचार सेवा प्रवाह गरिन्थ्यो। त्यसपछि वीरगंजका एक दाता अस्पतालको पक्की भवन निर्माणको लागि अग्रसर भए र उनले भारतीय रुपैयाँ दुई लाख पच्चीस हजार चन्दा सहयोग गरेको नेपाल गजेटमा उल्लेख छ।

विसं २००८ असोज २९ गते प्रकाशित भएको नेपाल गजेटमा यस्तो उल्लेख छ, "उद्योग तथा वाणिज्य मन्त्रालयबाट प्रकाशित एउटा सूचनामा भनिएको छ कि वीरगंजको क्लथमर्चेन्ट आसोशिएशनले आफूखुशी वीरगंजमा अस्पताल भवन बनाउनलाई कम्पनी रु २,२५,००० (दुई लाख पच्चीस हजार) दिने इच्छा गरेको छ, सो रुपैयाँ यौटा बोर्डको जिम्मामा रहनेछ। सो बोर्डमा एक सरकारी प्रतिनिधि र अर्को एक क्लथमर्चेन्ट आसोशिएशनका प्रतिनिधि रहनेछ।"

विसं २०१३ ताका वीरगंजका तत्कालीन बडाहाकिम जयवर सिंह थिए। उनकै पहलमा विभिन्न उद्योगी–व्यवसायीहरूबाट थप आर्थिक सहयोग सङ्कलन भयो। त्यसपछि पक्की भवनको निर्माण कार्यले गति लियो। विसं २०१८ मा नेपालका अन्य थुप्रै अस्पतालसँगै 'वीरगंज अस्पताल'मा एकजना महिलासहित दुईजना चिकित्सकको नियुक्ति भएको कुरा विसं २०१८ माघ ९ गते प्रकाशित नेपाल गजेटमा उल्लेख छ। नियुक्ति पाएका सिनियर मेडिकल अफिसर डा जगदीशचन्द्र सिन्हा (द्वितीय श्रेणी) र लेडी डा सावित्रीदेवी कानू (तृतीय श्रेणी) थिए। त्यस्तै, निर्माण संचार मन्त्रालय, रेलवे विभाग (एनजिआर) वीरगंजमा मेडिकल अफिसर डा रामचन्द्र तेवारी नियुक्त भएको गजेटमा उल्लेख छ। सोको तीन दिनपछि वीरगंज अस्पताल सञ्चालनका लागि 'महेन्द्र आरोग्य भवन'को उद्घाटन भयो। हाल जीर्ण अवस्थामा रहेको यस भवनको मुख्य द्वारमा 'श्री ५ बडामहाराजाधिराज सरकार महेन्द्र वीर विक्रम शाह देवको बाहुबलीबाट विसं २०१८ साल माघ १२ गते उद्घाटन गरिबक्सेको' उल्लेख छ। तत्कालीन सरकारको अवधारणा बमोजिम अस्पताल विकासको लागि विसं २०४३ मा नारायणी अस्पताल विकास समितिको उदय भयो। सम्भवतः महेन्द्र आरोग्य

(बाँकी चौथो पातामा)

# द्रोण पर्व–६४

महाभारतबाट सङ्कलन तथा अनुवाद



उमाशङ्कर द्विवेदी

यो हेरेर कुरुराज दुर्योधन बडो तीव्रताका साथ उनको छेउमा गएर दुवै भाइहरूको साथमा डटेर युद्ध गर्न थाले। अनि युधामन्युले तीसवटा बाणबाट दुर्योधनमाथि, बीसवटा बाणबाट उनको सारथिमाथि र चारवटा बाणबाट उनको घोडामाथि प्रहार गरे। दुर्योधनले एउटा बाणबाट युधामन्युको ध्वजा र एउटा बाणबाट उनको धनुषलाई काटिदिए। फेरि एउटा बाणबाट उनको सारथिलाई रथबाट तल खसालिदिए र चारवटा बाणबाट उनको घोडालाई घाइते पारिदिए। यो हेरेर युधामन्युले क्रोधित भई तीसवटा बाण दुर्योधनको वक्षस्थलमाथि हाने तथा उत्तमौजाले उनको सारथिलाई बाण हानेर यमलोकमा पु–याइदिए। अनि दुर्योधनले पाञ्चालकुमार उत्तमौजाका चारवटै घोडालाई र दुईटै छेउछाउका सारथिहरूलाई मारिदिए। घोडा र सारथि मारिएपछि बडो फुर्तीका साथ भाइ युधामन्युको रथमाथि गइ चढे। त्यहाबाट उनले दुर्योधनका घोडाहरूमाथि अनेकौं बाण वर्षाए। घोडाहरू मारिएर भुइँमा लडे। अनि फेरि बडो फुर्तीको साथ दुर्योधनको धनुष र तूणीरलाई पनि काटिदिए। अनि दुर्योधन रथबाट हाम्फालेर हातमा गदा लिई दुवै भाइतर्फ दौडे। उनलाई आफूतिर आइरहेको हेरेर उत्तमौजा र युधामन्यु पनि रथबाट हाम्फाले। दुर्योधन क्रोधित भएर आफ्नो गदाबाट सारथि, ध्वजा र घोडासहित उनको रथलाइ नष्ट पारिदिए। यसपछि उनी तुरुन्तै राजा शल्यको रथमाथि चढे। यता दुवै पाञ्चालकुमारहरू अर्को रथमाथि सवार भएर अर्जुनको छेउमा पुगे।

राजन्, यतिबेला भीमसेन पनि कर्णसित आफ्नो पिण्ड छुटाएर श्रीकृष्ण र अर्जुनको समीप जान उत्सुक थिए तर उनीहरू उतातिर जान लागेको बेला कर्णले पछाडिबाट आएर उनीहरूमाथि वाण वर्षाउन थाले र हाँक दिंदै भने– भीम, आज अर्जुनलाई हेर्न जानको लागि आतुर भई मतिर पिठ्यूँ फर्काएर कसरी जान सकिरहेका छौ ? तिम्रो यो कर्म कुन्तीपुत्र योग्य त छैन। अलिक मसामु डटेर ममाथि बाणवर्षा गर। भीमसेनले कर्णको यस्तो चुनौतीलाई संग्रामभूमिमा सहन गर्न सकेनन् र आफ्नो रथ उनीतर्फ फर्काएर युद्ध गर्न थाले। उनले बाणवर्षा गरेर पहिले त कर्णका अनुयायीहरूलाई समाप्त पारेर स्वयम्ले उनको अन्त गर्नको लागि क्रोधित भई नानाथरीका बाण वर्षा गर्न थाले। उनले एक्काइसवटा बाण हानेर कर्णको शरीरलाई घाइते पारे। कर्णले पनि पाँच/पाँच वटा बाण हानेर उनका घोडाहरूलाई घाइते पारिदिए। फेरि अलिकबेरमैं कर्णको धनुषबाट हानिएका बाणहरूबाट भीमसेन तथा उनका रथ, सारथि र ध्वजा जम्मै आच्छादित भए। उनले चौसट्ठीवटा बाण हानेर भीमसेनको सुदृढ कवचलाई काटिदिए तथा उनीमाथि अनेकौं मर्मभेदी नाराच नामक बाण हाने। त्यति बेला कर्णले बाणहरूको यस्तो झरी लगाए कि उनको बाणबाट बिधिएको भीमसेनको शरीर दुम्सीको कण्टकाकीर्ण शरीरझैं प्रतीत भइरहेको थियो।

भीमसेनले कर्णको यस बर्तावलाई सहन गर्न सकेनन्। उनको आँखा क्रोधले राताराता भए र उनले कर्णमाथि पच्चीसवटा नाराच नामक बाण हाने। यसपछि उनले कर्णमाथि चौदहवटा बाणबाट अझै प्रहार गरे। अनि एउटा बाणबाट उनको धनुषलाई काटेर बडो फुर्तीको साथ उनको सारथि एवं चारै घोडालाई नष्ट पारेर अनेकौं झिल्के बाण उनको छाती ताकेर हाने। कर्णलाई आफ्नो पुरुषार्थमाथि बडो अभिमान थियो तर यतिबेला उनको धनुष काटिइसकेको थियो र उनी बडो असमञ्जसमा परेका थिए। अन्तमा उनी एउटा अर्को रथमाथि चढ्नको लागि दौडे।

धृतराष्ट्रले भने– सञ्जय, कर्णले त साक्षात् महादेवजीका शिष्य परशुरामजीसित अस्त्र विद्या सिकेका थिए र उनीमा असल शिष्यका जम्मै गुणहरू पनि विद्यमान थिए, अनि त उनलाई भीमले यस प्रकार खेलखेलमैं कसरी जित्न सके ? मेरा पुत्रहरूले सबैभन्दा अधिक कर्णको नै भरोसा गर्दथे। यतिबेला कर्णलाई भीमसेनको सामुबाट भाग्दै गरेको हेरेर दुर्योधनले के भन्यो ? र महाबली भीमले यसपछि कुन प्रकारले युद्ध गरे तथा कर्णले भीमलाई युद्धभूमिमा अग्निको समान प्रज्वलित भएको हेरेर के गरे ?

सञ्जयले भने– राजन्, अर्को रथमाथि चढेर कर्ण भीमसेनतर्फ लागे। त्यति बेला कर्णलाई कुपित भएको हेरेर तपाईंका पुत्रहरूले ठाने– अब भीमसेन आगोको मुस्लोमा खस्न लागेका छन्। कर्णले धनुषको भयङ्कर टङ्कार गर्दै भीमसेनमाथि धावा गरे। अनि दुईटै वीर दुई सिंहको समान एकअर्कामाथि झम्टँदै परस्पर युद्ध गर्न थाले। जुआ खेल्ने, वनमा बस्ने र विराटनगरमा अज्ञातवास गर्ने बेला पाण्डवहरूले अनेकौं क्लेश भोग्नुपरेको थियो, तपाईंका पुत्रहरूले उनीहरूको विस्तृत राज्य र रत्नादिको हरण गरेका थिए। आफ्ना पुत्रहरूको सल्लाह अनुसार तपाईंले पनि उनीहरूलाई निरन्तर क्लेश दिइरहनुभएको थियो। आफ्ना पुत्रहरूसहित कुन्तीलाई लाक्षागृहमा भष्म पार्ने विचार गर्नुभएको थियो, तपाईंका दुष्ट पुत्रहरूले सभाको बीचमा द्रौपदीलाई नानाथरी अपमानित गरेका थिए, दुश्शासनले द्रौपदीको कपाल लुछ्दै तानेको थियो र कर्णले यस्तो कठोर वचन बोलेका थिए कि अब पाण्डवहरू तिम्रा पति रहेनन्, अर्को पतिको चयन गरिलेऊ– यी जम्मै कुराहरूको स्मरण भीमसेनलाई युद्धभूमिमा भइहाल्यो। त्यसैले उनी आफ्नो प्राणको मोह त्यागेर धनुषको टङ्कार गर्दै कर्णमाथि जाइलागे।

क्रमशः ...

## नारायणी अस्पतालको....

भवनमा सञ्चालित वीरगंज अस्पताल जिल्ला तहको अस्पताल थियो भन्ने कुरा अनुमान गर्न सकिन्छ।

**श्री ५ ऐश्वर्य प्रसूति गृह**

विसं २०४२ सालमा स्थापित भएको श्री ५ ऐश्वर्य प्रसूति गृह त्योभन्दा अघि खाली मैदान थियो। उक्त मैदान बच्चाहरूको खेल्ने र पशुहरूको चरन स्थल थियो। वीरगंजको छपकैयास्थित महेन्द्र आरोग्य भवन र त्रिभुवन राजपथदेखि पूर्वको खाली जग्गामा विसं २०४२ सालमा तत्कालीन सरकार र दाताको लगानीमा ऐश्वर्य प्रसूति गृह स्थापना भयो। विगतको तुलनामा विसं २०४२ ताका तत्कालीन वीरगंज नगरपञ्चायत निकै परिवर्तन भइसकेको थियो। राज्यको आर्थिक ढुकुटीको उपाधि पाएको वीरगंज शहर विस्तार हुने क्रममा थियो। जनसङ्ख्या, घर र व्यवसाय आदि थपिंदै गइरहेका थिए। यद्यपि पर्सा र बाराका ग्रामीण भेगबाट उहिले वीरगंज आउनु ढुङ्गाको चिउरा चपाउनु सरह थियो। वीरगंजसम्म पुग्नको लागि सडक र सवारीको अभाव थियो। वीरगंज आसपासका गर्भवती महिलाहरूका लागि प्रसूति गृह वरदान साबित भयो। यद्यपि सवारीको अभावमा उपचार सेवा ग्रामीण भेगका महिलाहरूका लागि अपवादबाहेक सम्भव थिएन। उपचारको अभावमा कतिपय गर्भवती महिलाहरूको ज्यान जान्थ्यो, र ग्रामीण समाजले दैवको लीला भन्दै सन्तोष गर्नुको विकल्प थिएन।

**अहिले 'नारायणी केन्द्रीय अस्पताल'**

महेन्द्र आरोग्य भवनमा सञ्चालित वीरगंज अस्पताल स्तरोन्नति हुँदै 'नारायणी अञ्चल अस्पताल' र त्यसपछि पञ्चायतकालमैं नारायणी उपक्षेत्रीय अस्पतालमा स्तरोन्नति भयो। विसं २०७२ पछि पुनः शासन व्यवस्था परिवर्तन भयो र अहिले गणतन्त्रीय शासन व्यवस्था कायम छ। पछिल्लो समय अर्थात् झन्डै तीन वर्षअघि तत्कालीन नारायणी उपक्षेत्रीय अस्पताल अहिले 'नारायणी केन्द्रीय अस्पताल'मा स्तरोन्नति भइसकेको छ।

आपत्कालीन सेवा, प्रसूति तथा स्त्रीरोग, बालरोग, सामान्य शल्यक्रिया, अर्थोपेडिक्स र ट्रमा, छाला रोग, परिवार नियोजन, ईएनटी (नाक, कान, घाँटी), दन्तरोग, नेत्ररोग, मनोचिकित्सा, फिजियोथेरापी, रेडियोलोजी, प्याथोलोजी, नेफ्रोलोजी, एनेस्थेसियोलोजीलगायत विभिन्न उपचार सेवा उपलब्ध छन्।

विसं २०१८ मा दुईजना चिकित्सक तथा केही स्वास्थ्यकर्मीहरूबाट स्वास्थ्य सेवा शुरू भएको उक्त अस्पतालमा अहिले ७० जनाभन्दा बढी विशेषज्ञ चिकित्सक कार्यरत छन्। त्यस्तै, स्वास्थ्यकर्मी, कार्यालय सहायक, सफाइकर्मी तथा प्रशासन गरी दुई सयभन्दा बढी जनशक्ति छ। नेपाल सरकारको स्थायी दरबन्दी, छात्रवृत्ति करार, अस्पताल विकास समितिबाट नियुक्त जनशक्ति तथा ज्यालादारीमा गरी झन्डै तीन सय कर्मचारी अहिले नारायणी अस्पतालमा सेवारत छन्। अस्पताल स्रोतको अनुसार कुनै विभागमा आवश्यकताभन्दा बढी विशेषज्ञ चिकित्सक छन् भने कुनै विभागमा आवश्यकताभन्दा कम छन्।

**देवतातुल्य दाताहरू**

विसं २००८ देखि वर्तमानसम्म, नारायणी अस्पतालमा दाताहरूको सहयोग अनुकरणीय छ। अस्पतालको भवन निर्माण गर्नको लागि वीरगंज क्लथ मर्चेन्टबाट शुरू भएको सहयोग समयसमयमा विभिन्न स्थानीय दाताहरूबाट अस्पताललाई निरन्तर जारी छ। आकस्मिक कक्ष, प्रवेशद्वार, पार्क, विश्रामालय, पेय जल, जेनेरेटर, अक्सिजन प्लान्ट, पाइपलाइन गरी विभिन्न भौतिक संरचना तथा उपकरण दाताहरूको सहयोगले सम्भव भएको कुराको जति प्रशंसा गरे पनि कम हुन्छ। उहिलेदेखि अहिलेसम्मका दाताहरूलाई सम्मानित गर्नेतर्फ अस्पताल प्रशासन तथा अस्पताल विकास समितिको ध्यानाकर्षण हुनु अपरिहार्य छ।

उहिलेदेखि अहिलेसम्मका दाताहरूको सहयोगलाई एकछिन झिकेर हेर्दा सरकारी अन्धदृष्टि छर्लङ्ग हुन्छ। रिबन काट्न र वाहवाही लुट्न लालायित नेतागणहरू सङ्कीर्ण मानसिकताबाट मुक्त भई सकारात्मक पहल गर्ने हो भने यस क्षेत्रका नागरिकले स्वास्थ्योपचारको लागि महँगो अस्पताल धाउनुपर्दैन।

**निष्कर्ष**

उहिलेदेखि अहिलेसम्मको अवस्थामाथि विचार गर्दा अस्पतालको अवस्था सुधार नहुनुमा सरकारको पूर्वाग्रह, अस्पताल विकास समितिको किंकर्तव्यविमूढता र चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीबीचको अन्तरकलह मुख्य कारण देखिन्छ। कतिपय चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी सरकारी सेवाभन्दा निजी स्वास्थ्य संस्थातर्फ बढी क्रियाशील देखिन्छन्। सरकारी सेवामा बहाल भएर निजी स्वास्थ्य संस्था वा आफ्नै नर्सिङ होमतर्फ केन्द्रित चिकित्सकले सरकारी सेवा परित्याग गरी सरकारको बोझ हल्का गर्नुपर्छ। अन्य चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरू उत्तरदायी हुनुपर्छ। दायित्वबोध गर्नुपर्छ। हाजिरीमा सीमित मानसिकताभन्दा बाहिर आउनुपर्छ। अस्पताल विकास समितिले अस्पतालको विकासमा ध्यान दिनुपर्छ, न कि कर्मचारी भर्नामा मात्र। कार्यकर्ताहरूको थपडीमाझ भाषण गरी रमाउने नेतागण अस्पतालप्रति संवेदनशील हुनुपर्दछ। अस्पतालको समस्या केन्द्रसम्म पुऱ्याउनुपर्छ। कार्यान्वयन हुने गरी सकारात्मक अग्रसरता अपरिहार्य छ। राम्रो गर्नेलाई प्रोत्साहन र आचरणविरुद्ध काम गर्ने पात्रलाई कारबाईको भागीदारी बनाइनुपर्छ। राम्रो गर्नेको खुट्टा तान्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ।

जुनसुकै पेशाकर्मीका लागि पेशासँग सम्बन्धित संसाधन अनिवार्य आवश्यकता

(बाँकी पाँचौं पातामा)

# नेपालमा बज्रयान सम्प्रदाय

*गताङ्कको बाँकी*

त्यस्तै, चक्रपूजा र तन्त्रमन्त्रको साधना पद्धति बेबिलोन र मिश्रबाट दक्षिण भारतमा पैठारी भयो भन्दा आपत्ति हुनुहुँदैन। आसुरी विद्याको नामले पौराणिक साहित्यमा चर्चित विद्या पनि जादूटुना हो भन्ने बुझिन्छ। भगवान् महावीर र भगवान् बुद्धले पनि ज्ञानप्राप्तिको लागि कठोर तपस्या नै गरेका हुन्। (भिक्षु अमृतानन्द, जैन धर्मका बृहत् इतिहास तथा बुद्ध जीवनी) बुद्धले समाधि दशामा पुगेर ज्ञानज्योति प्राप्त गर्न शरीर सुकाएर होइन, सदाचार र सच्चरित्रताद्वारा वैचारिक एकताको नाउँमा शरीरलाई व्यर्थ दुःख दिनुले लाभ छैन, ज्ञानको निम्ति इन्द्रियजयी हुनु नै मुख्य हो भन्ने थाहा पाए।

मन्तव्य



शीतल गिरी

**... जातिवादको कट्टरतालाई पनि प्रश्रय दियो। शिक्षितको निम्ति कर्तव्यबोध गराउनुपर्ने आवश्यक थिएन। परन्तु अशिक्षितलाई कडा नियमले नबाँधिदिए खस्तै–खस्तै यिनको स्थिति तल पुग्थ्यो र ब्राह्मणेतर वृत्ति गर्नेहरू स्वयम् पेशागत अन्य जातिमा गएर मिल्ने थिए।**

आन्तरिक भावनामा आश्रित इन्द्रिय विजय गर्न मानसिक एकाग्रता चाहिने र यसको निम्ति सचेत मनले गरिने अष्टाङ्गिक मार्ग नै साधना पथ हो भन्ने बुझेकाले शरीर सुकाउनु वा मोटाउनुले केही फरक पर्दैनथ्यो। (राहुल, बुद्धचर्या) बुद्धदर्शनका निर्देशित साधना मार्गमा लागेका भिक्षुहरूले मानसिक एकाग्रता प्राप्त गरी तीव्ररूपमा मनशक्तिको विकास गरेकाले सानातिना चमत्कार देखाउन सफल भए। यसलाई बढ्ता सिद्धियुक्त बनाउन योगविद्यालाई विकसित गरेर शैव सम्प्रदायका योगीहरूले नाना किसिमका हठ–योग र त्राटक–क्रियाले सिद्धिलाभ गरेका थिए। राजयोग अथवा बुद्धद्वारा निर्देशित साधना पथ सरल भएपनि धेरै समय लाग्ने भएकोले तुरुन्त सफलता प्राप्त गरी जनमानसलाई आकर्षित गर्न लालायित बुद्धभिक्षुहरूले हठ योगलाई साधन बनाए। मन्त्रसाधक सिद्धहरूमा एकथरी स्वान्तः सुखाय साधना गर्दथे र अर्काथरी झटपट सिद्धिप्राप्त गरेर चमत्कारी बन्न चाहन्थे। श्रद्धालु भक्तजनलाई श्रद्धाको चुलीमा पुऱ्याएर लाभ पनि हुन्थ्यो र मानमर्यादा पनि पाइन्थ्यो। नयाँ मन्त्र, नयाँ–नयाँ साधनापद्धति, नयाँ–नयाँ देवताका आविष्कारकर्ताहरू दोस्रो पक्षका भिक्षुहरू नै थिए। सिद्धियुक्त भिक्षुको मानभाउ बढ्ने नै भयो। विद्वान्हरू पश्चिम एशियाका मुलुकहरूमा सहस्रौं वर्षपूर्व नै भैरवीचक्रको चमत्कार चलेकोमा विश्वास गर्दछन्। यो कुरा सत्य हो भने त्यहाँबाट यो परम पवित्र र अनमोल चक्र यहाँ भित्र्याउने श्रेय महायानी भिक्षुलाई नै दिनुपर्छ। विशुद्ध बौद्ध साधना पद्धतिमा मन्त्र, तन्त्र, हठयोग, मद्य, मास, मत्स्य, मुद्रा, मैथुन यी पाँच प्रकारका सर्वोपरि मान्यता बज्रयानको उदयपछि भयो भन्ने कुरामा विद्वान्हरू सहमत छन्। अहिंसा, सत्य, शौच, अस्तेय, ब्रह्मचर्य आदि दश शील धर्मको देशना गर्ने बुद्धयानी (बज्रसत्त्व) भिक्षुहरू साधना गरून्। मन्त्रयान सम्प्रदायका आविष्कार गर्नेमा पहिलो आचार्य नागार्जुन नै मानिन्छन्। वेद, विद्या पढेका तीक्ष्ण बुद्धियुक्त सर्वतोमुखी प्रतिभा भएका नागार्जुन, दक्षिण भारतका ब्राह्मणकुलमा जन्मेका थिए र वैदिक धर्मका शास्त्रमा निष्णात् भएपछि नै बुद्धधर्ममा दीक्षित भएका थिए भन्ने कुरा इतिहासविद्हरूले उल्लेख गरेका छन्।

यिनीलाई रसायनशास्त्रका ज्ञाता एवं आयुर्वेदशास्त्रका धुरन्धर विद्वान् थिए भनेर पनि मानिएको छ र कनिष्कको राजसभा (ईस्वी सन् ५८–१२५) का सभापण्डितको रूपमा पनि इतिहासकारहरूले नागार्जुनको स्थिति मानेका छन्। शून्यवादका पनि यिनी आद्याचार्य मानिन्छन्। (मनराल, डा पिएस (सन् १९८३), प्राचीन भारतका इतिहास) तन्त्रमन्त्रको उद्भव र विकासमा दक्षिण भारत नै मुख्य गढ थियो।

विदर्भ देशमा जन्मेका नागार्जुन प्रकाण्ड पण्डित थिए र यिनको माध्यमिक सूत्रमा सृष्टि सिद्धान्त (सापेक्षवाद)को व्याख्या छ। यस कारण यिनीलाई वैज्ञानिक, तार्किक, मन्त्रतन्त्रका ज्ञाता आदि विशेषण दिइएको छ। यिनी ई. प्रथम सदीका मानिएको पक्षमा मन्त्रयानको शुरू प्रथम शताब्दी नै मान्नुपर्ने हुन्छ र राहुल सांस्कृत्यायनको कालविभाजन युक्तियुक्त देखिंदैन। सम्भवतः नागार्जुन विभिन्न सदीमा छुट्टाछुट्टै जन्मेका मान्नमा आपत्ति छैन, तापनि मन्त्रयान, विज्ञान शून्यवादी महायानशास्त्रका प्रवर्तक र रसायनशास्त्री नागार्जुनको समय केही विद्वान्ले पहिलो शताब्दी नै राखेका छन्। (केतु, डा सत्य : भारतका प्राचीन इतिहास, पृ.४०१) वैपुल्यवाद र त्योभन्दा पूर्वको अन्धक निकायमा विशेष अभिप्रायले मैथुनको अनुज्ञा भएको पाइन्छ। तथापि खुलारूपमा आनन्दको लागि यो अगाडि आउन सकेको थिएन। मञ्जुश्री मूलकल्प मन्त्रयानको पुरानो ग्रन्थ मानिन्छ तथा वैपुल्य सूत्रमा पनि यस ग्रन्थको नाम आएको छ। युवक, युवती, भिक्षु, भिक्षुणीले जब काम पिपासा जित्न नसकेर साधना मार्गमा चित्त लगाउन सक्तैनन्, त्यो बेलाको निम्ति अनुज्ञा पाएको मैथुनलाई खुला समर्थन गर्न सकेको पाइँदैन। लामा लामा सूत्रमा रहेका बुद्धवचनको धारणी मन्त्र यिनीहरूले नै बनाए। भक्तजनको सुविधाको निम्ति पछि झन् छोटा मन्त्रहरू बने।

मन्त्रयानको विषयमा अनेकौं तन्त्र मन्त्रको विधान भए तापनि सदाचारलाई छोडेको पाइँदैन। बज्रयानको उदयमा भैरवी चक्र सेवनले बुद्धधर्मलाई अन्तिम चरणमा पुऱ्याइदियो। (सांस्कृत्यायन, राहुल, पुरातत्त्व निबन्धावली, पृष्ठ ११५) राहुल सांस्कृत्यायन भन्छन्, "यो युगलाई गुप्त साम्राज्यमा शुरू र हर्ष साम्राज्यमा मन्त्रयानको समाप्ति मान्नुपर्दछ। यसको उत्पत्ति उत्तर भारत नभएर दक्षिण भारतको धान्यटक तथा श्रीपर्वतमा नै भएको हो।"

श्रीपर्वते महाशैले दीषणा पथ संज्ञके।
श्री धान्य कटके शैले जिन धातुधरे भुवि।
सिध्यन्ते तन्त्रमन्त्रान्वै क्षिप्रं सर्वार्थ कमेसु। (मूल कल्पपृष्ठ ८८)

तन्त्रमन्त्रशास्त्र र साधनापथको निमित्त श्रीपर्वत प्रसिद्ध थियो भन्ने कुरा छैटौं शताब्दीका बाण भट्टले हर्ष चरित्र प्रथम उच्छवासमा पनि उल्लेख गरेका छन्। (भट्ट, बाण : (सन् ६००) हर्ष चरित्र) बङ्गालमा जादूटुनाको र श्रीपर्वतमा तन्त्रमन्त्रको विकास र मान्यता मुसलमानको आक्रमणकालसम्म रहेको इतिहासकारहरूले उल्लेख गरेका छन्। श्रीपर्वतको स्थिति, वर्तमान श्रीशैल नभएर नागार्जुनी कोंडाको "नहरल्ल–बडु" पहाड हो भन्ने कुरा कोण्डाको उत्खननबाट ज्ञात भएको छ। ब्राह्मणहरूले वेदविद्याको अभ्यास गरी ब्रह्मकर्मद्वारा मात्र ब्राह्मण हुन पाउने वैदिक प्रथा उत्तरकालमा समाप्त भयो। जन्मना जातिको मान्यताले अशिक्षित ब्राह्मण क्षत्रियको पनि अस्तित्वचाहिं बचायो साथै जातिवादको कट्टरतालाई पनि प्रश्रय दियो। शिक्षितको निम्ति कर्तव्यबोध गराउनुपर्ने आवश्यक थिएन। परन्तु अशिक्षितलाई कडा नियमले नबाँधिदिए खस्तै–खस्तै यिनको स्थिति तल पुग्थ्यो र ब्राह्मणेतर वृत्ति गर्नेहरू स्वयम् पेशागत अन्य जातिमा गएर मिल्ने थिए। जातिप्रथाको दूषित पक्षको विरोधमा बुद्ध र महावीर खडा भएका थिए। सदैव सचेत मनले संयम जीवन बिताउने उपदेश बुद्धले दिएका थिए। तापनि ठूलो समूह बनेको भिक्षुसङ्घमा यो संयम र नियम चिरस्थायी रहन सम्भव थिएन।

एकपटक जानीनजानी खसेपछि बराबर खसिरहन आपत्ति हुँदैन। वैपुल्यवादले विशेष कारणमा मैथूनको आज्ञा दिएपछि यस्ता कारण बराबर परि नै रहे। भैरवी चक्र पनि विनाकारण आएन। विकासक्रमले निकै समय लिन्छ। मत्सेन्द्रनाथको समयमा चरमसीमामा पुगेको बज्रयानको प्रारम्भ छैटौं सदीको शुरूमैं भएको थियो। तन्त्र साधना पद्धति गोप्य रहने हुँदा भित्रभित्रै गृह्य समाजले व्यापकता पाउँदै गयो र सातौं–आठौं सदीमा पूर्ण विकसितरूपमा प्रकट भयो। सामाजिक क्षेत्रमा दुराचार मानिने पन्थको कडा विरोध हुने र घृणास्पद मानिने हुँदा समाजमा बहुमत नभएसम्म देखा परेन। बज्रयान सम्प्रदायका प्रामाणिक शास्त्रको रूपमा १. गूढ विनय, २. मायाजालतन्त्र (भोट कन्जूर ८४।१०), ३. गुह्य समाजतन्त्र, (कन्जूर ८३।२), ४. महासमय तत्त्व, ५. पद निक्षेप, ६. तत्त्व सङ्ग्रह (कन्जूर), ७. भूत या (डामर) तन्त्र (कन्जूर ४३।८), ८. बज्रामृत (कन्जूर ८०।१), ९. चक्रसम्वर (कन्जूर ८०।१), १०. द्वादश चक्र (काल चक्रयान), ११. भेदकाद्बुद (हेरूकाद्भूत), १२. महामाया (कन्जूर ८२।३), १३. पदनिः क्षेप, १४. चतुष्पिपट (चतुः पीठतन्त्र), १५. परामर्द (महासहस्र प्रमर्दनी), १६. मारीच्युद्भव, १७. सर्वबुद्ध (सर्वबुद्ध समायोग), १८. सर्वगुह्य (क्रोधराज सर्वमन्त्र गृह्यतन्त्र), १९. समुच्चय (बज्रयान समुच्चय), २०. माया मारीचि कल्प (कन्जूर ९१।६), २१. हेरम्ब कल्प, २२. त्रिसमय कल्प (त्रिसमूह व्यूह राजतन्त्र), २३. बज्रगान्धार कल्प (मारीचि कल्प), २४. राज कल्प (परमादि कल्प राज), २५. बज्रगान्धार कल्प (मारीचि कल्प), २६. गुह्य कल्प (गुह्य परम रहस्य कल्प राज) र २७. शुद्ध समुच्चय कल्प (सर्वकल्प समुच्चय) मानिन्छन्। तिब्बती साहित्यमा बज्रयान धर्मचक्र प्रवर्तन बुद्धबाट भएको भन्ने र यस निकायको धर्मग्रन्थको परिगणन गर्ने "निकाय सङ्ग्रह" भन्ने ग्रन्थको रचना पनि दक्षिण भारतमैं भएकोले यसको उत्पत्ति र विकास आन्ध्रमा नै भयो। त्यतैबाट उडिसा हुँदै बङ्गाल र बिहारमा आएको विद्वान्हरूले अनुमान गरेका छन्। यी शास्त्रहरूको विस्तृतीकरण, सङ्क्षेप, भाष्य र अन्य विशेषताका साथै नयाँ ग्रन्थको रचना नालन्दा विक्रमशिला विश्वविद्यालयमा भएको हुँदा हुन्, ती सबै मुस्लिम आक्रमणमा परेर स्वाहा भए, बज्रयानका ग्रन्थहरूले हठयोग–साधना गरी सिद्धिलाभ गरेका महायोगीहरू समदृष्टि हुन्छन् र सबै विषयभोग गरे पनि विनिर्मुक्त भएका मानिन्छन्। तर समाजमा सभ्यताको शुरू भएदेखि नै अकर्तव्य मानिएको र अनियमित प्राकृत जीवनका धरातलमा फेरि पुऱ्याउने काम कुराहरूको यो पन्थमा शुरू भए। प्राणीको वध गर्नु, झूटो बोल्नु, नदिएको लिनु (चोरी गर्नु), आमा, बहिनी, छोरी, भान्जी, बाहुनी, धोबिनी, डुमिनी, चाण्डाल्नी जुनसुकै जातिको भएपनि र जेजस्तो नाता लाग्ने भएपनि स्त्रीसेवन (मैथुन) गर्नुहुन्छ भन्ने यी मन्त्रका वचनहरूले बुद्धधर्मको शाश्वत् मर्यादालाई कसरी उल्लङ्घन गऱ्यो भन्ने थाहा हुन्छ।

क्रमशः

## अन्तर्राष्ट्रिय समाचार

# युक्रेनमा रहेका अमेरिकीहरूलाई देश छोड्न अमेरिकाको आग्रह

वाशिङ्टन, २८ माघ/एएनआई

संयुक्त राज्य अमेरिकाले युक्रेनमा रहेका अमेरिकीहरूलाई जतिसक्दो चाँडो देश छोड्न आग्रह गरेको छ । विदेश मन्त्रालयले पछिल्लो घटनाक्रमको विश्लेषण गर्दै सो आग्रह गरेको हो । "रूसी सैन्य कारबाई र कोभिड–१९ को बढ्दो खतराका कारण युक्रेनमा यात्रा नगर्नुहोस्, युक्रेनमा रहेकाहरूले अब व्यावसायिक वा निजी माध्यमबाट प्रस्थान गर्नुपर्छ । यदि युक्रेनमा बाँकी छ भने अपराध, नागरिक अशान्ति र सम्भावित लडाइँका कारण सावधानी बढाउनुहोस् । केही क्षेत्रमा जोखिम बढेको छ," सो आग्रहमा जनाइएको छ ।


तस्वीरः एपी

जनवरी २३ मा विदेश मन्त्रालयले अमेरिकी कूटनीतिज्ञहरूका परिवारका सदस्यहरू र प्रत्यक्ष काम गर्ने कर्मचारीहरूलाई बाहिर निकाल्ने अनुमति दिएको थियो । अप्रत्याशित सुरक्षा अवस्थाका कारण युक्रेनमा रहेका अमेरिकी नागरिकहरूले तुरुन्तै प्रस्थान गर्नेबारे विचार गर्न पनि विदेश मन्त्रालयले सिफारिश गरेको छ।

यसैबीच, पेन्टागनका प्रेस सेक्रेटरी जोन किर्बीको घोषणापछि ८२औं एयरबोर्न डिभिजनबाट अमेरिकी सैनिकहरूको पहिलो समूह फेब्रुअरी ५ मा पोल्याण्ड आइपुगेको थियो। यसअघि किर्बीले रूससँग बढ्दै गएको तनावका बीच अमेरिकाले युरोपमा अस्थायीरूपमा थप सेना तैनाथ गर्ने बताएका थिए। तैनातीमा पोल्याण्डमा पठाइने १,७०० सैनिकहरू र जर्मनीमा रहेका १,००० अमेरिकी कर्मचारीहरूलाई रोमानियामा सारिनेछ र थप ८,५०० सेनाहरू "नेटो प्रतिक्रिया बल बोलाइएमा सार्न तयार रहनेछन्," किर्बीले भनेका थिए ।

**नेटो प्रमुख र बेलायती प्रधानमन्त्रीबीच युक्रेन समस्याबारे छलफल**

ब्रसेल्स /सिन्हवा

बेलायतका प्रधानमन्त्री बोरिस जोनसन र उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो)का प्रमुख जेन्स स्टोल्टेनबर्गबीच बिहीवार भेटवार्ता भएको छ । हाल बेल्जियममा भ्रमणमा रहेका ब्रिटिश प्रधानमन्त्री जोनसन र नेटो प्रमुख जेन्सबीचमा बिहीवार ब्रसेल्समा छलफल भएको बताइएको छ ।

उनीहरूका भेटका क्रममा खासगरी पछिल्लो समयमा रूस र युक्रेनमा देखिएको समस्याका बारेमा कुराकानी भएको बताइएको छ । भेटका क्रममा नेटोका प्रमुख जेन्सले रूसका कारण युक्रेनमा उत्पन्न हुन लागेको भनिएको अवस्था युरोपको सुरक्षाका लागि पनि चासोको विषय हो भने ।

उनीहरूको भेटपछि आयोजित पत्रकार सम्मेलनमा नेटो प्रमुख जेन्सले भनेका छन् कि रूसका कारणले हाल देखिएको अवस्था निकै नै खतरनाक रहेको छ । नेटोले अहिले पनि रूस–युक्रेन समस्याको समाधान वार्ताको माध्यमबाट नै खोज्नुपर्छ भनेको बताएका छन् । उनले नेटोले यो समस्याको राजनीतिक समाधान आवश्यक रहेको बताएको पनि जानकारी सो अवसरमा दिएका थिए ।

युक्रेनको सीमा क्षेत्रमा रूसले ठूलो सङ्ख्यामा रूसी सेना राखेको छ। रूसले युक्रेनमा आक्रमण गर्ने योजना बनाएको अमेरिकासहित पश्चिमा देशहरूको दाबी छ। तर रूसले भने यस आरोपको खण्डन गर्दै आएको छ। रासस

# पेरूमा बस दुर्घटना २० जनाको मृत्यु, ३३ घाइते

लिमा, २८ माघ/एएनआई/सिन्हवा

उत्तरी पेरूको ला लिबर्टाड विभागको पाटज प्रान्तमा बुधवार एक यात्रीवाहक बस करीब १०० मिटर गहिरो खाडलमा खस्दा कम्तीमा २० जनाको मृत्यु भएको छ भने ३३ जना घाइते भएका छन् ।

क्षेत्रीय स्वास्थ्य विभागले स्थानीय समय अनुसार बुधवार करीब १४:४० मा टायबाम्बा र हुवान्कासपाटाको एन्डियन शहरहरूबीचको ग्रामीण क्षेत्रमा दुर्घटना भएको जनाएको छ । रिपोर्टका अनुसार पिकाफ्लोर कम्पनीको अन्तरप्रदेशीय बस तायबाम्बाबाट ला लिबर्टाडको राजधानी ट्रूजिलो जाँदै गर्दा सडकबाट चिप्लिएको थियो ।

नजिककै शहरहरूमा बस्ने मानिसहरू घाइते यात्रीहरूलाई मदत गर्न घटनास्थलमा पुगेका थिए, जसलाई तायबाम्बा, हुवान्कासपाटा र ट्रूजिलोका स्वास्थ्य केन्द्रहरूमा लगिएको थियो ।

राष्ट्रिय प्रहरी र सरकारी वकीलको कार्यालयका कर्मचारीले शव हटाउने र अनुसन्धान शुरु गर्न जिम्मा लिएका थिए । रासस

# क्यानडाद्वारा चीन र लिथुआनियालाई वार्तामा आउन आग्रह

ओटावा, क्यानडा, २८ माघ/एएनआई

क्यानडाले चीन र लिथुआनियाबीच चलिरहेको व्यापार विवादमा विश्व व्यापार सङ्गठन (डब्लुटिओ) वार्तामा सामेल हुन आग्रह गरेको ग्लोबल अफेयर्स क्यानडालाई उद्धृत गर्दै विभिन्न सञ्चारमाध्यमले उल्लेख गरेका छन्।

"क्यानडाले बहुपक्षीय व्यापार प्रणालीको प्रवर्द्धन र रक्षा गर्न हाम्रो हितमा विश्व व्यापार सङ्गठनमा चीनसँग इयूको विवादबारे परामर्शमा सामेल हुन अनुरोध गरेको छ," क्यानडाको विदेश मन्त्रालयले बिहीवार एक विज्ञप्तिमा सो उल्लेख गरेको स्पुतनिक समाचार एजेन्सीले जनाएको छ । यसबाहेक ग्लोबल अफेयर्स क्यानडाले ओटावाले चीनको व्यापारिक कार्यबाट चिन्तित भएको, आर्थिक जबरजस्तीको विरोध गरेको र समान विचारधारा भएका देशहरूसँग उभिएको उल्लेख गरेको छ।

गत वर्षको डिसेम्बरदेखि चीनले लिथुआनिया वा लिथुआनियासँग जोडिएको आयात र निर्यातमा कडा प्रतिबन्ध लगाउन थालेको छ । आयोगले पटकपटक चिनियाँ अधिकारीसमक्ष यो विषय उठाइसकेको छ ।

युरोपेली आयोगले यसले विभिन्न प्रकारका चिनियाँ प्रतिबन्धका प्रमाणहरू निर्माण गरेको छ । "यसमा भन्सारको माध्यमबाट लिथुआनियाली सामानहरू खाली गर्न अस्वीकार, लिथुआनियाबाट आयात आवेदनहरू अस्वीकार गर्ने, र अन्य इयू सदस्य राष्ट्रहरूबाहिर काम गर्ने इयू कम्पनीहरूलाई दबाव दिनेलगायतका विषय समावेश छन्।

डब्ल्युटिओ मुद्दामा प्रतिक्रिया दिँदै बेइजिङले लिथुआनियाको तथाकथित चीनको "जबरजस्ती" आधारहीन र तथ्यहरूलाई बङ्ग्याइएको बताएको छ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजियानले पत्रकार सम्मेलनमा भने, "चीन र लिथुआनियाबीचको समस्या राजनीतिक हो, आर्थिक होइन। ती विषय लिथुआनियाले चीनको हितमा चोट पुऱ्याउने नराम्रो विश्वासका कार्यहरूबाट उत्पन्न भएको हो, लिथुआनियामाथि चीनको दबाबले होइन," चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजियानले पत्रकार सम्मेलनमा भने । रासस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | विजय | वृष | धनलाभ |
| मिथुन | भाग्योदय | कर्कट | बेचैनी |
| सिंह | मनोरञ्जन | कन्या | कर्मप्राप्ति |
| तुला | प्रगति | वृश्चिक | वादविवाद |
| धनु | शत्रुपराजय | मकर | सुसमाचार |
| कुम्भ | उदरपीडा | मीन | विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं ।

वीरगंज महानगरपालिका

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो ३:४० बजे

# समाजवादी प्रेस सङ्गठनको रौतहटको अध्यक्षमा ठाकुर

प्रस, गरुडा, २८ माघ/


तस्वीरः प्रतीक

समाजवादी प्रेस सङ्गठन नेपालको रौतहट अध्यक्षमा मदन ठाकुर सर्वसम्मत चयन भएका छन् । सङ्गठनको गरुडामा भएको पहिलो जिल्ला अधिवेशनले ठाकुरको अध्यक्षतामा २१ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

समितिको उपाध्यक्ष कृष्ण तिवारी र इन्दुदेवी मिश्र, सचिव राकेशकुमार यादव, सहसचिव रुपेन्द्र पटेल र राजेश पासवान तथा कोषाध्यक्ष रोशनकुमार चौधरी रहेका छन् । समितिमा सञ्जयकुमार मिश्र, उमेश यादव, मनोजकुमार मुखिया, अजितकुमार कर्ण, प्रदीप दास तत्मा, मुकेश यादव, विदुर झा, विमलेश झालगायतका रहेका छन्।

समितिको बाँकी सदस्यमा कार्यसमितिको पहिलो बैठकबाट मनोनयन गर्ने निर्णय भएको अध्यक्ष ठाकुरले जानकारी गराएका छन् ।

गरुडामा भएको सङ्गठनको पहिलो जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै नेकपा एकीकृत समाजवादीका पोलिट ब्युरो सदस्य रामकुमार भट्टराईले पत्रकारको कलमले कसैलाई नघोचोस्, कसैलाई पनि चोट नपुऱ्याओस्, निष्पक्ष लेखोस् भन्ने शुभकामना व्यक्त गरेका छन् ।

कार्यक्रमलाई शुभकामना दिँदै नेकपा एसका रौतहट अध्यक्ष कमलराय यादवले निर्भिकताका साथ निष्पक्ष भएर कलम चलाउन पत्रकारहरूलाई आग्रह गरे । सङ्गठनका जिल्ला संयोजक मदन ठाकुरको अध्यक्षतामा भएको उद्घाटन सत्रमा नेपाल पत्रकार महासङ्घ, रौतहट शाखाका अध्यक्ष तथा सङ्गठनका केन्द्रीय सदस्य प्रेमचन्द्र झा, शैलेन्द्र गुप्तालगायतले शुभकामना मन्तव्य दिँदै सर्वसम्मत र ऊर्जावान कार्यसमिति बन्ने अपेक्षा व्यक्त गरेका थिए ।

सङ्गठनको रौतहट अध्यक्षमा चयन भएका पत्रकार मदन ठाकुर सङ्गठनको केन्द्रीय सदस्यका साथै नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका सचिव पनि हुन् ।

# फोरमद्वारा सिम्रौनगढको भ्रमण

प्रस, वीरगंज, २८ माघ/


तस्वीरः प्रतीक

नेपाल–भारत वर्ल्ड डेभलपमेन्ट फोरमको टोलीले बिहीवार सिम्रौनगढको ऐतिहासिक क्षेत्रको अवलोकन भ्रमण गरेको छ ।

टोलीले सिम्रौनगढ नगरपालिकाको कङ्काली मन्दिर, ईसरापोखरी, ढढेको चामल क्षेत्र, तलेजु भवानी भन्ने पलकियामाई क्षेत्रको अवलोकन गरेको थियो । नेपाल–भारत वर्ल्ड डेभलपमेन्ट फोरमका अध्यक्ष मधुरेन्द्र चौधरीको नेतृत्वमा रहेको सो टोलीमा मधेस प्रदेशका अध्यक्ष अरुणकुमार सिंह, मनीष कुमार, उज्जैन कुशवाहा, अनिल कुशवाहा, स्थानीय समाजसेवी श्यामकिशोरप्रसाद यादवलगायतको सहभागिता थियो ।

फोरमको भ्रमणको उद्देश्य धार्मिक, ऐतिहासिक स्थलको विकास गर्न आन्तरिक एवं बाह्य पर्यटकलाई आकर्षित गर्नुरहेको अध्यक्ष चौधरीले बताए ।

# आफ्नै भवन नहुँदा सेवा प्रवाहमा समस्या

सर्लाही, २८ माघ/रासस

यहाँका २० मध्ये ११ स्थानीय निकायको आफ्नै भवन नहुँदा सेवा प्रवाहमा समस्या भएको छ । जिल्लाका मलङ्गवा, लालबन्दी, हरिपुर्वा, बलरा, गोडैता तथा कविलासी नगरपालिका र चक्रघट्टा, रामनगर, विष्णु तथा बसबरिया गाउँपालिकाले भाडाका भवनबाट सेवा प्रदान गरिरहेका छन् ।

स्थानीय तहको निर्वाचन भएको पाँच वर्ष पुग्ने लाग्दा पनि नगरपालिका तथा गाउँपालिकामा भौतिक संरचनाकै अभाव छ। जिल्लाका २० स्थानीय तहमध्ये केहीले आफ्नै भवन बनाउन थालेको भएपनि केहीको भौतिक संरचना बनाउन जग्गा अभाव, भवन निर्माणको विवादलगायतका कारण भाडाका संरचनाबाट कार्यालय सञ्चालन गर्दा सेवा प्रवाहमा समस्या भएको जनप्रतिनिधिले गुनासो गरेका छन्।

जिल्लाका केही स्थानीय निकायले आफ्नै भवन निर्माण गरेर सेवा शुरु गरिसकेका छन् भने केही स्थानीय निकायका भवन निर्माणाधीन अवस्थामा छन् । केही स्थानीय निकाय साबिकका गाविस भवनबाट सेवा प्रवाह गरिरहेका छन् । जिल्लाका ईश्वरपुर, हरिपुर, हरिवन, बरहथवा र बागमती नगरपालिका तथा धनकौल, ब्रह्मपुरी, कौडेना र पर्सा गाउँपालिकाले नयाँ भवन निर्माण गरेर तथा साबिकका गाविस भवनबाट सेवा प्रवाह गरिरहेका छन् ।

स्थानीय निकायले आफ्नै भवन नहुँदा सेवा प्रवाहमा कुनै न कुनै रूपमा समस्या भइरहेको चक्रघट्टा गाउँपालिकाका अध्यक्ष विक्रम राय यादवले बताए । सो स्थानीय निकायमा पनि जग्गा विवादका कारण निर्माणाधीन भवनको काम रोकिएको छ । भौतिक संरचनाको अभावका कारण गुणस्तरीय सेवा प्रवाह गर्न नसकिएको मलङ्गवा नगरपालिकाका नगरप्रमुख निरसल साहले बताए ।

लालबन्दीका नगरप्रमुख मानबहादुर खड्काका अनुसार जिल्लाका केही स्थानीय निकायले पहिलाका गाविसका भवनमा कार्यालय राखेर सेवा प्रवाह गरिरहेका छन् । पहिला गाविस हुँदा निर्माण भएका भवन पनि पुराना तथा साना भएका छन् । सो कारण सेवा प्रवाहमा निकै समस्या भएको जिल्लाका जनप्रतिनिधिले बताएका छन् ।

# वृद्धवृद्धालाई न्यानो कपडा वितरण

प्रस, पंचगावाँ, २८ माघ/


तस्वीरः प्रतीक

पटेर्वासुगौली गाउँपालिकाको सहयोगमा र वडा नं १ को आयोजनामा गरीब, विपन्न वृद्धवृद्धालाई न्यानो कपडा वितरण गरिएको छ । वडाका विपन्न वृद्धवृद्धाहरूलाई २/२ सय थान हाइनेक र टोपी वितरण गरिएको हो। वडाध्यक्ष फरमान मियाँको अध्यक्षतामा भएको कार्यक्रममा गापाका सबइन्जिनीयर रामबाबू यादव, श्याम गिरी, मुर्तुजा मियाँ, आलमगीर अन्सारीलगायतको सहभागिता थियो ।

नारायणी अस्पतालको....

हो । कर्तव्य निर्वाहको सिलसिलामा संसाधनको अभावमा दक्ष जनशक्ति भए तापनि प्रभावकारी सेवा प्रवाह हुन सक्दैन। भौतिक संरचना, उपकरण, औषधि र दक्ष जनशक्ति स्वास्थ्य सेवाका लागि आवश्यक स्तम्भहरू हुन् । यी स्तम्भहरूमध्ये कुनै पनि एकको अभावमा सेवा प्रवाह अवरुद्ध मात्र हुँदैन, अपेक्षित परिणाम पनि प्राप्त गर्न सकिँदैन । जीर्ण भइसकेका भौतिक संरचनाको मर्मत सम्भारसँगै आधुनिक उपकरण तथा आवश्यक दक्ष जनशक्तिको पूर्ति गर्नु सरकारको प्रमुख दायित्व हो । कतिपय उपकरण मर्मतसम्भारको अभावमा वर्षौंदेखि बिग्रिएर थन्किएका छन्। यसर्थ केन्द्रीय अस्पतालको अनुभूति हुने गरी सरकारको सरोकार अपेक्षित छ ।

जहाँ बुद्धले......

थियो । जुन ठाउँ जेका लागि प्रसिद्ध हुन्छ, त्यसको वर्तमान वा अवशेष हुनुपर्छ भन्ने मलाई लागिरहन्छ। भगवान् बुद्धको उपदेश दिंदाको अवस्था शारीरिक अवस्थाको कल्पना कसरी गरिएको होला र त्यस कल्पनालाई मूर्तिमा कसरी उतारिएको होला भन्ने मलाई लागेको थियो । यसैगरी, भगवान् बुद्धका प्रथम पाँच शिष्यको बसाईंको अवस्था कस्तो थियो होला ? त्यो कस्तो ठाउँ होला, जहाँ भगवान् बुद्धले प्रथम शिक्षाको लागि रोजे ? यस्ता जिज्ञासाहरूलाई सारनाथ भ्रमणले शान्त पारेको छ ।

सारनाथमा यस्तो अनुभूति हुन्छ कि यहाँको वातावरणमा साँच्चै अद्यपर्यन्त बुद्धले शिक्षा प्रदान गरिरहेका छन् । बुद्धवाणी कानमा गुन्जेको अलौकिक अनुभूति हुनु सुखद आश्चर्य हो यहाँको । अतिरमणीय यस ठाउँमा पुग्न पाउनु आफैमा एउटा उपलब्धि अनुभव हुन्छ हृदयमा ।

हरेक वर्ष डुल्न कतै निस्किन्छौं क्याम्पसका साथीहरू मिलेर । यो भ्रमण हाम्रो निजी हुन्छ । मध्यरौतहट बहुमुखी क्याम्पसका साथीहरू यसरी निजी भ्रमणमा निस्केका भारतको बिहार, झारखण्ड, पश्चिम बङ्गाल, उडिसा, उत्तर प्रदेश आदि प्रान्तका प्रायः प्रमुख स्थलहरूमा पुगिसकेका छौं ।

# मधेसको माग केपीले मात्र पूरा गराउने –सिंह

प्रस, वीरगंज, २८ माघ/

मधेसको माग नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मात्र पूरा गराउने भएकोले आफूले लोकतान्त्रिक समाजवादी पार्टी परित्याग गरी नेकपा एमालेमा प्रवेश गरेको वीरगंजका नेता राजेशमान सिंहले बताएका छन् ।




नेपाल पत्रकार महासङ्घ पर्साको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा उनले मधेसी पार्टीहरूले मधेसको मुद्दामा काम नगरेकाले आफूलगायत आफ्नो समूहले लोसपा परित्याग गरी नेकपा एमालेमा प्रवेश गरेको जानकारी गराए । बिहीवार नेकपामा प्रवेश गर्दै काठमाडौंस्थित केपी शर्मा ओलीको निवास बालकोटमा पुगेर पत्रकार सम्मेलनमा बोल्दै उनले भने, "मधेसवादी दल जसपा र लोसपाले मधेसका मुद्दालाई विभिन्न चरणमा भजाएर खाइरहेका छन्, आफ्नो स्वार्थ पूर्ति गर्न राजनीतिमा आएका छन्, नेकपा एमालेका अध्यक्ष ओलीको राजनीतिक छविको कारण प्रभावित भएर मैले नेकपा एमाले नै रोजेको हुँ ।"

विगतमा नेकपा एमालेका अध्यक्ष ओलीकै पहलमा संविधान संशोधन भएको, मधेस आन्दोलनको क्रममा थुनामा रहेका वा मुद्दा चलेका दर्जनौंजनामाथिको मुद्दा सल्टेको, नागरिकता विधेयक आएको जस्ता काम भएको उनले बताउँदै आगामी दिनमा नेपाली राजनीतिमा केपी ओलीबाहेक मधेसको मुद्दा अरू कुनै पार्टीले सम्बोधन गराउन नसक्ने भएकोले आफूले लोसपा छोडेको बताए ।

पछिल्लो समय मधेस प्रदेशको राजधानीको विषयमा पनि मधेशवादी दलका नेता, कार्यकर्ताले घात गरेको सबै जनतालाई सर्वविदितै रहेको चर्चा गर्दै उनले आगामी दिनमा पार्टीले आफूलाई वीरगंजको मेयरको लागि सक्षम र योग्य ठानेर टिकट दियो भने वीरगंजको मेयरमा पनि चुनाव लड्ने ठोकुवा गरे ।

"मधेस आन्दोलनको बेला वीरगंज केन्द्रबिन्दु बनेको थियो, सबैले वीरगंजलाई मधेसको राजधानी बनाउनुपर्छ भनेर आश्वासन दिएका थिए, तर राजधानी जनकपुर भयो," उनले भने, "त्यस कारण ती दलहरूको अस्तित्व समाप्त भइसकेकोले नेकपाबाटै पर्साको आगामी चुनावामा 'एसआइडू' भनेर अठोटको साथ मैदानमा टीमसँगै उत्रिनेछु ।" उनलाई लोसपा पर्साका अध्यक्ष पुरुषोत्तम झाले हिजो एक विज्ञप्ति मार्फत गरेको कारबाईको विषयमा पत्रकारहरूलाई जानकारी गराउँदै भने, "लोसपाको कारण पर्सामा राजेशमान सिंहको टीम थिएन, राजेशमान सिंहको कारण पर्सामा लोसपा थियो ।"

माघ ८ गते पर्साको जगरनाथपुरमा केपी शर्मा ओलीको आयोजित आमसभामा थुप्रै नेताहरू एमालेमा प्रवेश गर्दा लोसपा पर्साले कसैलाई कारबाई गरेन, किनभने त्यसमा लोसपा पर्साका अध्यक्ष झाका निकटतम व्यक्ति थिए, आज मैले एमालेमा जाँदा कारबाई गरियो, योभन्दा बढी हास्यास्पद के होला ? उनीसँगै नेकपा एमालेमा प्रवेश गर्नेहरूको विस्तृत विवरण फागुनको मध्यमा वीरगंजमा हुने केपी ओलीको आमसभामा सार्वजनिक गर्ने पनि उनले जानकारी गराए । पत्रकार सम्मेनलमा तत्कालीन लोसपाका नेता प्रेमबाबू पटेल, मुकेश द्विवेदीलगायत ५० भन्दा बढी नेता, कार्यकर्ताको सहभागिता थियो ।


- खेतबारी तथा उर्वर भूमिलाई बाँझो नराखौं ।
- भूमिको अधिकतम उपयोग गरौं ।
- कृषिलाई आत्मनिर्भर मात्र होइन व्यावसायिक बनाऔं ।
- भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रमा टेवा पुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## अतिक्रमणविरुद्ध अभियान

प्रस, रक्सौल, २८ माघ/

रक्सौलको सार्वजनिक स्थान अतिक्रमण गरी बनाइएका संरचना हटाइएको छ । अनुमण्डल पदाधिकारी आरतीको निर्देशनमा रक्सौलमा अतिक्रमण हटाऔं अभियान शुरू गरिएको हो ।

नगर कार्यपालक पदाधिकारी सन्तोष कुमारको नेतृत्वमा रक्सौलको परेउवा, डङ्कन अस्पताल क्षेत्रको अतिक्रमण हटाइएको उनले बताए । अतिक्रमणको कारण रक्सौलको ट्राफिक व्यवस्था अस्तव्यस्त हुने गरेको छ । सर्वसाधारणले सडकमैं जथाभावी पार्किङ गर्दा आवागमनमा समस्या भएकोले अतिक्रमण अभियान एक सातासम्म जारी रहने कार्यपालक सन्तोषले बताए ।

## फरार........

अदालतले गरेको फैसलाअनुसार बुधन चोरी मुद्दामा सजाय पाएका थिए । एक महिना कैद र ६० हजार रुपियाँ जरिवाना भएका बुधन मुद्दाको फैसला भएदेखि नै फरार रहेका थिए ।

लुकीछिपी घरमै बसेको सूचनाको आधारमा सर्लाही प्रहरीले बुधनलाई उनकै घरबाट नियन्त्रणमा लिएको हो । नियन्त्रणमा लिएपछि सर्लाही प्रहरीले बुधनलाई नियमानुसार कैद जरिवान असुल उपरको लागि सम्मानित सर्लाही जिल्ला अदालतमा पेश गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डिएसपि माधव प्रसाद बुढाथोकीले जानकारी गराएका छन् ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# खेलकूदको संसार

## शहीद स्मारक 'ए' डिभिजन लिगः फ्रेन्ड्स विजयी

काठमाडौं, २८ माघ/रासस

शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल प्रतियोगिता अन्तर्गत शुक्रवारदेखि शुरू भएको दशौं चरणको पहिलो खेलमा फ्रेन्डस् क्लब विजयी भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा फ्रेन्डस् क्लबले ब्रिगेड ब्वाइज क्लबलाई ५–२ गोलअन्तरले पराजित गरेको हो । योसँगै फ्रेन्डस्ले प्रतियोगितामा पहिलो जीत दर्ता गराएको छ । फ्रेन्डस्का लागि आजको खेलमा सुशील साह र जमउल एन्थोनी फ्रान्सिओसले दुई/दुई तथा श्यामबाबू केप्छ्याकीले एक गोल गरे ।

ब्रिगेड ब्वाइजका लागि ड्याडी जुनियर वाम्बा र अनिल गुरुङले एक/एक गोल गरे । खेलको १४औं मिनेटमा सुशीलले फ्री–किकमार्फत गोल गर्दै फ्रेन्डस्लाई सुरुआती अग्रता दिलाएका थिए । खेलको २५औं मिनेटमा ब्रिगेड ब्वाइजका ड्याडीले फ्री–किकमार्फत गोल फर्काउँदै खेललाई १–१ को बराबरीमा ल्याए ।

त्यस्तै, खेलको २७औं मिनेटमा श्यामबाबूले गोल गर्दै फ्रेन्डस्लाई २–१ को अग्रता दिलाए । खेलको पहिलो हाफको अतिरिक्त समयको दोस्रो मिनेटमा जमउलले गोल गर्दै फ्रेन्डस्लाई ३–१ को अग्रता दिलाए । निशेन सुब्बाको फ्री–किकमा उनले गोल गरे । खेलको ७६औं मिनेटमा जमउलले व्यक्तिगत दोस्रो गोल गर्दै फ्रेन्डस्लाई ४–१ को अग्रता दिलाए । खेलको ७८औं मिनेटमा सुशीलले व्यक्तिगत दोस्रो गोल गर्दै फ्रेन्डस्लाई ५–१ को अवस्थामा पुर्‍याए । प्रिजेनको पासमा उनले गोल गरेका थिए ।

खेलको ८६औं मिनेटमा बिग्रेड ब्वाइजका अनिलले पेनाल्टीमार्फत एक गोल थपे पनि फ्रेन्डस् ५–२ ले विजयी भयो । पहिलो जीतसँगै अङ्कतालिकाको अन्तिम स्थानमा रहेको फ्रेन्डस् तत्कालका लागि रेलिगेशन जोनबाट जोगिएको छ । दश खेलबाट ६ अङ्क जोडेर फ्रेन्ड्स १२औं स्थानमा उक्लिएको छ । हारसँगै समान ६ अङ्क नै रहे पनि बिबिसी अङ्कतालिकाको १३औं स्थानमा छ । त्यस्तै, ५ अङ्क बटुलेको च्यासल युथ क्लब तालिकाको अन्तिममा छ ।

## पुष्पलाल राष्ट्रिय ब्याडमिन्टनलाई लिनिङको साथ

काठमाडौं, २८ माघ/रासस

एघारौं पुष्पलाल स्मृति र्‍याङकिङ राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितालाई खेल सामग्री उत्पादक संस्था लिनिङले साथ दिने भएको छ ।

प्रतियोगितालाई लिनिङले साथ दिने सम्झौता भएको राष्ट्रिय ब्याडमिन्टन सङ्घका अध्यक्ष वीरेन्द्र श्रेष्ठले जानकारी दिए । लिनिङले मुख्य प्रायोजन गर्ने भएपछि अब प्रतियोगिताको नाम 'लिनिङ ११औं पुष्पलाल स्मृति र्‍याङ्किङ राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता' हुने भएको छ ।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता पुष्पलाल श्रेष्ठको सम्झनामा २०६७ सालदेखि नेपाल खेलकूद महासङ्घ अन्तर्गतको राष्ट्रिय ब्याडमिन्टन सङ्घले आयोजना गर्दै आएको छ । उक्त प्रतियोगितालाई नखिपोट युथ क्लब–ब्याडमिन्टन सर्कलले साथ दिंदै संयुक्त आयोजकका रूपमा आफूलाई उभ्याएको छ ।

प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको सङ्घका महासचिव सुनीलमान शाक्यले जानकारी दिए । ललितपुरको नखिपोटमा उक्त प्रतियोगिता आगामी फागुन ३ देखि ७ गतेसम्म सञ्चालन हुनेछ । नेपाल ब्याडमिन्टन सङ्घको प्राविधिक सहयोगमा हुने उक्त प्रतियोगितामा सङ्घसँग आबद्ध ४७ जिल्ला, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका गरी ५०भन्दा बढी खेलाडीको सहभागिता रहनेछ ।

प्रतियोगितामा पुरुष एकल (राष्ट्रिय वरीयतामा १६औं स्थानसम्मका), पुरुष एकल (१६औं वरीयतादेखिबाहेकका), पुरुष युगल (खुला), महिला एकल (राष्ट्रिय वरीयतामा १२औं स्थानसम्मका), महिला एकल (१२औं वरीयतादेखि बाहेकका), महिला युगल (खुला), यू–१७ महिला तथा पुरुष एकल (खुला), भेट्रान्स ४५ वर्षमाथि, मास्टर्स ५५ वर्षमाथि (खुला) गरी १० विधामा प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । कुल रु २१ लाख ६० हजार खर्च हुने उक्त प्रतियोगितामा पुरस्कारतर्फ रु पाँच लाख ९८ हजार खर्च हुने बताइएको छ ।

लिग चरणको पुरुष एकल (राष्ट्रिय वरीयतामा १६औं स्थानसम्म) र महिला एकल (१२औं स्थानसम्म)तर्फ प्रतिस्पर्धा गर्ने खेलाडीले प्रतियोगितामा सहभागिता जनाएबापत रु एक हजार ५०० प्राप्त गर्नेछन् । यस्तै, लिग चरणमा विजयी हुने प्रत्येक खेलाडीले थप रु एक हजार ५०० प्राप्त गर्नेछन् । यस्तै, क्वाटरफाइनलमा विजयी हुने खेलाडीले थप रु आठ हजार, सेमिफाइनलमा विजयी हुने खेलाडीले थप रु १६ हजार प्राप्त गर्नेछन् । फाइनलमा विजयी हुने खेलाडीले थप र २० हजार र उपविजेता खेलाडीले थप रु पाँच हजार प्राप्त गर्ने आयोजकले जनाएको छ ।

यस्तै, अन्य विधामा पुरुष एकल (१६औं स्थानबाहेक) र महिला एकल (१२औ स्थानबाहेक), पुरुष तथा महिला युगल, भेट्रान्स युगल ४५ वर्षमाथि र मास्टर्स युगल ५५ वर्षमाथिका पहिलो हुनेले रु २० हजार, द्वितीयले रु १० हजार र तृतीयले रु पाँच हजार प्राप्त गर्नेछन् । यू–१७ पुरुष तथा महिला एकलतर्फ पहिलो हुने खेलाडीले रु १५ हजार, द्वितीयले रु आठ हजार र तृतीयले रु चार हजार प्राप्त गर्नेछन् ।

## आगलागीबाट पाँचजनाको मृत्यु

दाङ, २८ माघ/रासस

तुलसीपुरको एक घरमा गए राति भएको आगलागीबाट निसास्सिएर पाँचजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा तुलसीपुर उपमहानगरपालिका–५ का १४ वर्षीया साजिता खातुन, १४ वर्षीय हसन बकस, १६ वर्षीय मसिन बकस, ४० वर्षीय नअरदिन अली र ६ वर्षीय आवेद्दीन अली रहेको इलाका प्रहरी कार्यालय, तुलसीपुरका प्रमुख प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

तुलसीपुर–५ 'ङ' लाइनस्थित चप्पल गोदाममा शुक्रवार बिहान २ बजे आगलागी भएको हो । आगलागीलगत्तै उद्धार गरिए तापनि आगो नियन्त्रण बाहिर गएकाले निसास्सिएर मृत्यु भएको हो । आगो कम भएपछि बिहान साढे ७ बजेतिर शव निकालिएको हो । तीमध्ये घरको तेस्रो तलाबाट तीन र चौथो तलाबाट दुईजनालाई निकालिएको हो । पाँचैजनाको निसास्सिएर मृत्यु भएको प्रहरीले बताएको छ । इरम फुटवेयर चप्पल गोदाममा आगलागी भएको थियो । विद्युत्को मिटर पड्किंदा आगलागी भएको प्रहरीले जनाएको छ ।

पहिलो तलाबाट आगलागी शुरू भएको र तेस्रो तला तथा दोस्रो तलामा सुतेका उनीहरूलाई आगो नियन्त्रणभन्दा बाहिर गएकाले उद्धार गर्न नसकेको बताइएको हो । अहिले पाँचैजनाको शव परीक्षणका लागि राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा राखिएको छ । नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीयवासी, जनप्रतिनिधिलगायत रातिदेखि उद्धारमा खटिए पनि आगो नियन्त्रणमा आउन नसक्दा मानवीय क्षति हुन पुगेको हो ।

यसैबीच, पाँचजनाको निसास्सिएर मृत्यु भएपछि तुलसीपुर बजार शोकमा डुबेको छ । तुलसीपुर उद्योग वाणिज्य सङ्घले आज शोकमा एक दिन बजार बन्द गर्ने निर्णय गरेको सङ्घका महासचिव विनिल केसीले जानकारी दिए ।

## स्वास्थ्यकर्मी मण्डलले गरे आदर्श विवाह

प्रस, पर्सागढी, २८ माघ/

वीरगंज महानगर–२१ सुखचैना


आदर्श विवाह गरेकोमा खाँदा ओढाएर सम्मान गरिंदै । तस्वीरः सौजन्य

निवासी स्वास्थ्यकर्मी विकाश मण्डलले आदर्श विवाह गरेका छन् । वीरगंज–११ श्रीपुर निवासी आरती महतोसँग माघ २७ गते उनले आदर्श विवाह गरेका हुन् ।

आदर्श विवाह गरेको कारण प्रकाश थारू फाउन्डेशनले बेहुला–बेहुलीका अभिभावकलाई खादा लगाएर कदरपत्रसहित सम्मान गरेको थियो । बेहुला मण्डल पर्सागढी नगरपालिका–५ का स्वास्थ्यचौकीमा कार्यरत छन् । उनी फाउन्डेशनको कार्यप्रति सकारात्मक भएर आदर्श विवाह गरेका हुन् ।